श्रोतः आर्थिक, २०७२/६/२३

# सोलु प्रसारणलाइन निर्माणको जिम्मा गैरकानुनी काम गर्ने कम्पनीलाई दिन सचिव सक्रिय

भारतीय पैसालाई नेपालमा परिवत्र्य मुद्रा भनेर गैरकानुनी तरिकाले धरौटी राखेको भारतीय कम्पनी ज्यागुवार ओभरसिजलाई नै सोलु करिडोरको विद्युत् प्रसारणलाइन निर्माणको ठेक्का दिन सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा परिसकेका सचिव राजेन्द्र किशोर क्षेत्री सक्रिय भएका छन् । निजामती कर्मचारी ऐनको संशोधनपछि इन्जिनियर नभएको कारण सचिव क्षेत्री ऊर्जा मन्त्रालयका लागि अयोग्य सचिव भइसकेका छन् । त्यही भएर उनलाई मन्त्रिपरिषद्ले नै कामचलाउ सचिवको रुपमा ऊर्जामा राखेको हो । नेपाल राष्ट्र बैंकले भारतीय पैसा नेपालमा परिवत्र्य मुद्रा होइन भन्दै नेपाल विद्युत् प्राधिकरणलाई लिखित जानकारी गराइसकेको छ । राष्ट्र बैंकले भारतीय पैसालाई परिवत्र्य होइन भनेपछि ज्यागुवार नामक भारतीय कम्पनीलाई गैरकानुनी तरिकाले धरौटी राखेको भनेर कारबाही गर्नुपर्नेमा उल्टै उसलाई नै ठेक्का दिन भन्दै सचिव क्षेत्री अहिले सक्रिय भएका हुन् ।

भारतीय पैसा नेपालका लागि परिवत्र्य मुद्रा होइन भन्ने राष्ट्र बैंकको आधिकारिक पत्र प्राधिकरणको तर्फबाट सर्वोच्च अदालतमा समेत पुगिसकेको छ । अख्तियारले भारतीय पैसा नेपालको लागि परिवत्र्य मुद्रा भएको जिकिर गर्दै ज्यागुवारको पक्षमा निर्णय गर्दै तत्कालीन ऊर्जामन्त्री राधा ज्ञवाली, प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेलगायतको कारण प्राधिकरणलाई २६ करोड रुपैयाँ घाटा लाग्ने अवस्था आएको भन्दै उनीहरुलाई कारबाही गर्न निर्देशन दिएको थियो । अख्तियारको उक्त निर्णयविरुद्ध उनीहरु सर्वोच्च अदालतमा मुद्दामा गएका थिए । मुद्दामा गएपछि प्राधिकरणलाई राष्ट्र बैंकले पत्र लेख्दै भारतीय पैसा परिवत्र्य मुद्रा होइन भनेर ज्ञवाली र काफ्लेको टोलीले गरेको निर्णय सही भएको देखाएपछि अदालतले निर्णय नगर्दै सचिव क्षेत्रीले ज्यागुवारलाई प्रसारणलाइन निर्माण गर्न दिने तयारी गरेका हुन् । सर्वोच्चमा आज नै उनीहरुको मुद्दामा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्नेबारेमा दुवै पक्षलाई बोलाइएको छ ।

सचिव क्षेत्रीको योजना अनुसार काफ्लेलाई प्राधिकरणको एमडीबाट हटाउन मन्त्रिपरिषद्मा गएको प्रस्ताव फेल भएको छ । तर, सचिवलाई भने मन्त्रिपरिषद्ले प्राधिकरणको अध्यक्ष बनाएको छ । आफूले पत्र लेखेर मन्त्रालयमा हाजिर हुन आउन भन्दा काफ्ले नआएर मन्त्रिपरिषद्को निर्णय मात्र मान्छु भनेर पत्र लेखेपछि सचिवले मन्त्रीबाट निर्णय गराएर मन्त्रिपरिषद्मा उनलाई हटाउने प्रस्ताव समेत लगेका थिए । त्यहाँ पनि सचिव क्षेत्री सफल हुनसकेनन् । सफल हुन नसकेपछि अहिले अख्तियारका निर्णय कार्यान्वयन गर्नुप-यो भन्दै ऊर्जा मन्त्रालयले प्राधिकरणलाई पत्र पठाएर सोलु करिडोर प्रसारणलाइनबारे तत्काल निर्णय गर्नुप-यो भनेको हो ।

प्राधिकरणका ट्रेड युनियनहरुको प्रत्येक माग र अडानविरुद्ध रहेका सचिव क्षेत्रीलाई मन्त्रिपरिषद्ले अध्यक्ष नै बनाएपछि युनियनहरु थप क्रूद्ध बनेका छन् । 'प्राधिकरणलाई विभाजन गरेर तहसनहस पार्ने हर्कत गरेका सचिवलाई प्राधिकरणकै अध्यक्ष बनाएपछि सबै युनियनहरु आन्दोलित भएका छन्', एक ट्रेड युनियनका अध्यक्षले भने, 'प्राधिकरणका अध्यक्षको हैसियतले सचिव क्षेत्री प्राधिकरण आएर बैठक बस्ने कोसिस गर्छन् भने उनलाई कालोमोसो र जुत्ताको मालाले स्वागत गरिन्छ ।' नेकपा एमाले निकटको ट्रेड युनियनका अध्यक्ष रामप्रसाद रिमालले पनि प्राधिकरणलाई फुटाउने काममा सक्रिय सचिवलाई युनियनले सक्नेजति कारबाही गर्ने बताए । एमालेकै मन्त्रीलाई एमाले ट्रेड युनियनको कुरा सुन्नुहुँदैन भनेर उचालेको कारण क्षेत्रीप्रति अन्य युनियनजस्तै एमाले युनियन पनि क्रूद्ध छ । त्यसो त मन्त्रालयका अधिकारीहरु पनि सचिव क्षेत्री ज्यागुवार ओभरसिजको पक्षमा सक्रिय भएकामा सन्तुष्ट छैनन् ।
'ऊर्जाबाट भाग्नुपर्ने निश्चित भएका सचिवले अख्तियारको गलत निर्णय कार्यान्वयन गर्नुपर्ने ठेक्का नै परेजसरी प्राधिकरणलाई पत्र लेख्नुले आशंका बढेको छ', एक उपसचिवले भने, 'राष्ट्र बैंकको पत्रअनुसार ज्यागुवारको धरौटी नै गैरकानुनी भएको कारण उसलाई नै ठेक्का दिनु कानुन मिच्नु हो ।'

श्रोतः नयाँ पत्रिका, २०७२/६/२३

# विद्युत् प्राधिकरणको अध्यक्ष अस्थिर

विद्युत् उत्पादन, प्रसारण र वितरणमा एकाधिकार प्राप्त सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पद अस्थिर बनेको छ । बोर्डमा कहिले ऊर्जामन्त्री, कहिले मुख्यसचिव र कहिले ऊर्जासचिव अध्यक्ष बन्दा अस्थिर बनेको हो ।

मन्त्रिपरिषद्को शुक्रबारको बैठकले प्राधिकरण बोर्ड अध्यक्षमा ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्रीलाई मनोनीत गरेको सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले जानकारी दिए ।

प्राधिकरण ऐनले साधारणसभाद्वारा सञ्चालकहरू निर्वाचित हुने व्यवस्था नभएसम्मका लागि जलस्रोतमन्त्री, राज्यमन्त्री वा सरकारले मनोनीत गरेको व्यक्ति अध्यक्ष रहने व्यवस्था छ । ०४२ मा स्थापना भएको प्राधिकरणले सर्वसाधारणलाई सेयर निष्कासन गरी अहिलेसम्म वार्षिक साधारणसभा गरेको छैन । प्राधिकरण सञ्चालक समिति तदर्थ रूपमा चल्दै आएको छ ।

ऊर्जा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका उपप्रधानमन्त्री एवं गृहमन्त्री वामदेव गौतमले ऊर्जासचिवलाई अध्यक्ष मनोनीत गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगेका थिए । पूर्वऊर्जामन्त्री गोकर्णराज विष्टले प्राधिकरणमा नरहने घोषणा गर्दै तत्कालीन ऊर्जासचिव बालानन्द पौडेललाई अध्यक्ष बनाएका थिए । त्यसपछि मन्त्री बनेका पोष्टबहादुर बोगटीले पनि ऊर्जासचिवलाई प्राधिकरण अध्यक्ष बनाउने निर्णयलाई निरन्तरता दिए ।

ऊर्जा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले मुख्यसचिव लीलामणि पौड्याललाई प्राधिकरण बोर्डको अध्यक्ष बनाएका थिए । ऊर्जामन्त्रीमा उमाकान्त झा नियुक्त भएपछि पौड्यालले अध्यक्षबाट राजीनामा दिए । केही दिन अध्यक्ष बनेका झाले तत्कालीन ऊर्जासचिव विश्वप्रकाश पण्डितलाई अध्यक्ष बनाएका थिए । राधाकुमारी ज्ञवाली ऊर्जामन्त्री बनेपछि आफैँले बोर्ड अध्यक्षको जिम्मेवारी सम्हालेकी थिइन् । अब फेरि ऊर्जासचिवलाई नै अध्यक्ष बनाइएको छ ।

'मन्त्री हुँदा राजनीतिक हस्तक्षेप नहुने भनेर सचिवलाई जिम्मेवारी दिँदासमेत संस्थामा सुधार हुन सकेन, उल्टै मन्त्रीले सचिवमार्फत आफ्ना एजेन्डा संस्थामा पठाउने गरेको देखियो,' प्राधिकरण स्रोतले भन्यो, 'मुख्यसचिव पौड्यालले धेरै सुधार गर्न खोज्नुभएको हो, तर त्यतिवेला व्यवस्थापन नेतृत्व कमजोर भएकाले बोर्डले गरेका निर्णय प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेनन् ।' त्यतिवेला कार्यकारी निर्देशकमा रामेश्वर यादव थिए ।

वितरण ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार अभियोगमा परेपछि यादवलाई सरकारले हटाएको थियो । बोर्ड अध्यक्ष बनेका क्षेत्री अहिले सोलु करिडोर प्रसारण लाइनको ठेक्कापट्टाको विवादमा मुछिएका छन् । क्षेत्रीले ऊर्जामन्त्री ज्ञवाली अध्यक्षताको बोर्डले गरेको निर्णयमा असहमति (नोट अफ डिसेन्ट) लेखेका थिए ।

'क्षेत्रीलाई सोलु करिडोरको ठेक्का भारतीय कम्पनी ज्यागुअर ओभरसिजलाई दिलाउन अध्यक्षमा नियुक्त गरिएको हो,' ऊर्जा मन्त्रालय स्रोतले भन्यो, 'उनी ज्यागुअरको पक्षमा छन्' । उपप्रधानमन्त्री गौतमले नयाँ सञ्चालक पनि नियुक्त गरिसकेका छन् ।

**कार्यकारी हटाउन असफल**

प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेलाई हटाउन उपप्रधानमन्त्री वामदेव गौतमले गरेको प्रस्ताव असफल भएको छ । मन्त्रिपरिषद् बैठकले प्रस्तावमाथि थप छलफल आवश्यक रहेको भन्दै कुनै निर्णय नगरेको हो । 'प्रस्ताव छलफलकै क्रममा छ,' सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले भने । प्रधानमन्त्री सुशील कोइराला र

कांग्रेसका मन्त्री गौतमको प्रस्तावको विपक्षमा उभिएको मन्त्रिपरिषद् स्रोतले बतायो । ऊर्जा मन्त्रालयले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेलाई प्रक्रिया पूरा नगरी हटाउने प्रस्ताव गरेको थियो । खुला प्रतिस्पर्धाबाट छनोट भएका काफ्ले सर्वोच्च अदालतको आदेशमा ३० असोज ०७१ मा कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । ऊर्जा मन्त्रालय र काफ्लेबीच १३ कात्तिक ०७१ मा कार्यसम्पादन सम्झौता भएको थियो ।

कार्यसम्पादन मूल्यांकनलाई लिएर ऊर्जा मन्त्रालय र काफ्लेबीच विवाद भइरहेका वेला उनलाई हटाउन प्रस्ताव गरिएको हो । सम्झौताको दफा ९ अनुसार कार्यकारी निर्देशकको कार्यसम्पादन मूल्यांकन र त्यसको पुनर्मूल्यांकनमा विवाद उत्पन्न भए मन्त्रिपरिषद्ले स्वतन्त्र विज्ञ समूह गठन गरी विवाद समाधानको मध्यस्तता गर्नेछ ।

विज्ञ समूहको सिफारिसपछि मात्रै ऊर्जा मन्त्रालयले कार्यकारी निर्देशकलाई पदबाट हटाउने/नहटाउने कारबाही अगाडि बढाउन पाउने व्यवस्था छ । तर, ऊर्जा मन्त्रालयले कार्यसम्पादन सम्झौताविपरीत कार्यकारी निर्देशक काफ्लेलाई हटाउन लागेको हो ।

ऊर्जा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका उपप्रधानमन्त्री एवं गृहमन्त्री गौतमले गत शुक्रबार काफ्लेलाई अर्को व्यवस्था नभएसम्म मन्त्रालयमा हाजिर गराउने निर्णय गरेका थिए । कार्यसम्पादन सम्झौताविपरीत र अधिकारक्षेत्रभन्दा बाहिर गएर निर्णय गरिएको भन्दै काफ्लेले मन्त्रालयमा लिखित पत्र पठाउँदै हाजिर हुन अस्वीकार गरेका छन् ।

श्रोतः राजधानी, २०७२/६/२४

# सकियो ऊर्जा संकटकाल

**लोडसेडिङ घटेन**

**उत्पादन पनि बढेन**

भीम गौतम

सरकारले साढे चार वर्षभित्र लोडसेडिङमुक्त बनाउने उद्देश्यसहित घोषणा गरेको ऊर्जा संकटकाल सकिएको छ । तात्कालीन संसदबाट घोषणा गरिएको ऊर्जा संकटकाल सकिए पनि कार्यान्वयनमा बेवास्ता गरेपछि विनाउपलब्धि सकिएको हो ।

तत्कालीन ऊर्जामन्त्रीसमेत रहेका उपप्रधानमन्त्री भरतमोहन अधिकारीले साढे चार बर्से ऊर्जा संकटकाल घोषणा गरेका थिए । ‘ऊर्जा संकटकाल त सकियो तर म पछि प्रधानमन्त्री र ऊर्जामन्त्रीहरूले बेवास्ता गर्दा उत्पादन पनि बढेन र लोडसेडिङ पनि हटेन,’ पूर्वउपप्रधान एवं ऊर्जामन्त्री भरतमोहन अधिकारीले राजधानीसँग भने, ‘विद्युत् उत्पादनलाई त्यसपछिका सरकार गम्भीर भएका भए यस्तो ऊर्जा संकट अहिले भोग्नुपर्ने थिएन ।’ हाल वर्षामा दैनिक ८ घन्टा तथा हिउँदमा १३ घण्टा लोडसेडिङ छ भने भारतबाट मात्र दैनिक २ सय ५० मेगावाटको हाहाहारीमा विद्युत् आयात गर्नुपर्ने अवस्था छ । सरकारले ल्याउने योजनामा त्यसपछिका सरकारको प्राथमिकता नहुने र लोकप्रियताका लागि छुट्टै कार्यक्रम ल्याउने परिपाटीका कारण ऊर्जा संकटकालका योजना ओझेलमा परेको उनको तर्क छ ।

ऊर्जा संकट समाधान गर्न अधिकारसम्पन्न तिन सदस्यीय ऊर्जा संकट निवारण आयोग गठन गर्दै साढे चार वर्षमा २ हजार ५ सय मेगावाट विद्युत् थप गर्ने लक्ष्य राखिएको थियो । ऊर्जा समस्या समाधान नगर्ने हो भने मुलुकमा विकराल समस्या आउने भन्दै समस्या समाधान गर्नका लागि सरकारले विशेष कार्यायोजना अघि बढाउने घोषणा गरेको थियो । संसदबाट स्वीकृत ऊर्जा संकटकालभित्र मल्टिफ्यूल, हेटौंडाको डिजेल प्लान्ट, कोइला र थर्मल प्लान्टलाई समेट मर्मत गरी आगामी वर्ष लोडसेडिङ चार घण्टा कम गरिने उल्लेख थियो । यस्तै साढे चार वर्षमा २५ सय मेघावाट विद्युत् उत्पादन गरी २०७१ सालसम्ममा लोडसेडिङ अन्त्य गर्ने तथा २०७५ सम्ममा ५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको थियो । ऊर्जा संकटकालको साढे चार वर्ष बितेपनि दुई सय मेगावाट पनि विद्युत् उत्पादन नबढेको तथा यस अवधिमा मात्र झण्डै चार सय मेगावाट माग बढेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

‘ऊर्जा संकटकाललाई मुर्त रुपमा दिएको भए नेपाल ऊर्जामा आत्मनिर्भर भई ऊर्जाको खपत बढाउने र ऊर्जामार्फत औद्योगिकरणमा सक्रिय हुन्थ्यांै,’ पूर्वउपप्रधानमन्त्री अधिकारीले भने, ‘हामीले नेपालमा ऊर्जा विकासका लागि अन्तराष्ट्रिय सम्मेलन गरेर लगानी भित्र्याउने योजना पनि गरेका थियांै तर

सफल हुन सकेन ।' अधिकारीका अनुसार ऊर्जा संकटकाल घोषणा गरेर जलविद्युत्को उत्पादन बढाउने सार्वजनिक गरेपछि अमेरिका, रुस, दक्षिण कोरियालगायतका देशका प्रतिनीधिहरूले यसप्रति चासो राख्दै सहयोग गर्ने बचन पनि दिएका थिए ।

ऊर्जा संकटकालको कार्ययोजनामा सरकारले एक मेगावाट विद्युत् उत्पादन गर्ने गाविसले ल्याउने परियोजनालाई ७५ प्रतिशत अनुदान दिने, पाँचै विकास क्षेत्रमा एक÷एक सय मेगावाट क्षमताका विद्युत् गृह बनाउन दातृ निकायहरूलाई विशेष अनुरोध गर्ने उल्लेख थियो । त्यो बेला रहेको २६ प्रतिशत विद्युत् चुहावटलाई २० मा झार्ने, व्यापारिक प्रतिष्ठान र औद्योगिक क्षेत्रहरूमा छड्के जाँच गरी दोषी पाएमा तिन महिनासम्म कैद र जरिवाना गर्ने, सीएफएल चिमको भन्सार १५ प्रतिशतबाट घटाएर एक प्रतिशतमा

झार्ने, सिंहदरबार, वीर अस्पताल, राजधानीका सडकलगायतका स्थानमा ९ महिनाभित्र सौर्य विद्युत्को प्रयोग गर्ने, सौर्य ऊर्जा प्रयोगमा ल्याउन प्रोत्साहन दिने र हरेक घरलाई १० हजार रुपैयाँ अनुदान सहयोग उपलब्ध गराउने पनि कार्ययोजनामा उल्लेख थियो । साढे चार बर्षभित्रका विद्युत् उत्पादन तथा प्रशारण लाइनको स्पष्ट कार्यतालिका समेत ऊर्जा संकटकालको कार्ययोजनामा थियो । तर, कार्यान्वयनमा ध्यान नदिइए पछि उपलब्धिविहीन भएको हो ।

श्रोतः राजधानी, २०७२/६/२४

# दुई वर्षमा १२ सय मेगावाट बिजुलीः वाग्ले

रूपन्देही÷रास– राष्ट्रिय योजना आयोगका सदस्य डा. स्वर्णिम वाग्लेले दुई बर्ष भित्रमा नेपालले ऊर्जा क्षेत्रमा ठूलो फड्को मार्ने बताएका छन् । उनले पञ्चायतकालयता ८ सय मेगावाट विद्युत थप भएकोमा अबको दुई वर्षमा १२ सय मेगावाट बिजुली थपिने बताए ।
रूपन्देही उद्योग संघको शनिबार बुटवलमा भएको ३७ औं साधारण सभा तथा १९ औं अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै डा. वाग्लेले यस्तो बताएका हुन् । उनले सरकारी र निजि क्षेत्र दुवैबाट उर्जा उत्पादनका लागि लगानी भइरहेकाले अब उर्जाकै कारण नेपालको भविष्य बन्ने बताए । 'अब निराश हुनुपर्ने अवस्था छैन्' उनले भने, 'दुई वर्षपछि नेपाल एउटा सम्मुनत राष्ट्र हुनेछ ।'

उनले निजी क्षेत्रले विशिष्ीटकृत खालको उद्योगमा लगानी बढाउनुपर्ने बताए । उनले एउटै उद्योगबाट सबै काम गर्छु भनेर सोच्न नहुने बताउँदै एक अर्कामा परिपूरक भएर उतपादन गरेमा धेरै सामान उत्पादन गर्न सकिने बताए । उनले कृषि, पर्यटन र सेवामूलूक उद्योगका लागि लुम्बिनी क्षेत्र निकै राम्रो देखिएको बताए ।

उनले अझ उद्योगहरूको दायरा फराकिलो बनाउन जरुरी रहेको उनको भनाइ छ । कार्यक्रममा नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष बासुदेव गोल्याडले आर्थिक समृद्धिका लागि स्पष्ट औद्योगिक निति र ऐनहरूको आवश्यकता रहेको बताए ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका केन्द्रीय सदस्य एजाज आलमले नेपालका उद्योगधन्दाका निम्ति सोचि दिने राजनितिक दल र सरकार नहुँदा भएका उद्योगधन्दा पनि बन्द हुने अवस्थामा पुगेको बताए । नेकपा एमालेका केन्द्रीय सदस्य लिला गिरीले अब मुलुक राजनितिक क्रान्ति सम्पन्न गरी आर्थिक क्रान्तिको दिशामा हिडेको बताउँदै औद्योगिक विकासका निम्ति सबैको सहयोग अपरिहार्य रहेको बताए ।

कार्यक्रममा एमाओवादीका केन्द्रीय सल्लाहकार रामचन्द्र भट्टराई, नेकपा एमालेका जिल्ला अध्यक्ष भोजप्रसाद श्रेष्ठ, नेपाली काँग्रेसका हरिबहादुर आचार्य क्षेत्री, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद श्रेष्ठ, संघका अध्यक्ष बोनिन पियालगायतले बोल्दै स्वाधीन राष्ट्र निर्माणका लागि आत्मनिर्भर हुन जरुरी रहेको भन्दै अब औद्योगिक विकासमा ध्यान दिने बेला आएको बताएका थिए ।

उद्योग संघको अधिवेशन समेत भएकाले केही पदमा शनिबार मतदान समेत भएको छ । संघको अध्यक्ष दिनेशराज रेग्मी निर्विरोध निर्वाचित भए पनि वरिष्ठ उपाध्यक्ष, सचिव र केही सदस्य पदमा निर्वाचन भएको हो । उद्योग संघमा कुल ८ सय ९० मतदाता रहेका छन् ।

श्रोतः गोरखापत्र, २०७२/६/२४

# जलविद्युत् आयोजनाको साइट सफा गर्ने काम सुरु

भूकम्पपछि निर्माण कार्य स्थगित भएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको ‘साइट’ सफा गर्ने काम सुरु भएको छ ।

सिनियर इन्जिनियर नारायण न्यौपानेका अनुसार आयोजनाको निर्माण कार्य सञ्चालनमा ल्याउन सुरुङभित्र जमेको पानी बाहिर निकाल्ने र बाहिरी सहतमा राखिएका उपकरण एवम् पूर्वाधारको मर्मत सम्भार कार्य अगाडि बढेको हो ।

भूकम्पपछिको परिस्थिति सहज र निर्माण गरिएका सुरुङभित्रका संरचना सुरक्षित भएकाले चाडपर्व पछिदेखि निर्माणको कार्य तीव्र रुपमा निरन्तरता दिइने आयोजनाले जनाएको छ । रासस

श्रोतः नागरीक, २०७२/६/२५

# बास्केटका आयोजना दिन कडाइ

लक्ष्मण वियोगी

बास्केटमा रहेका जलविद्युत आयोजना निजी क्षेत्रलाई प्रतिस्पर्धाबाट विकास गर्न दिन सरकारले कडा प्रावधानसहित अनुमतिपत्र वितरण सम्बन्धी नयाँ निर्देशिका जारी गरेको छ ।

ऊर्जा मन्त्रालयले विद्युत आयोाजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका जारी गर्दै प्रतिस्पर्धालाई पहिलेभन्दा थप कडा बनाएको हो । मन्त्रालयले शुक्रबार जारी गरेको 'विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७२' मा निजी क्षेत्रले बास्केटका आयोजना लिँदा क्षमताअनुसार अध्ययन अनुमतिपत्रको ५ वर्षको सम्पूर्ण दस्तुर र सरकारले अध्ययन गर्दा लागेको खर्च तिरेर लिनुपर्ने उल्लेख छ ।

निर्देशिकाको दफा १३ को उपदफा ३ को (ख) अनुसार ५ वर्षको अध्ययन अनुमतिपत्रको दस्तुर र सरकार वा सरकारी निकायले अध्ययन गर्दा लागेको सबै खर्च नघट्ने गरी हुन आउने कुल रकमलाई न्यूनतम कबोल अंक मानी सबैभन्दा बढी कबोल गर्ने प्रवद्र्धकलाई आयोजना दिइनेछ ।

आयोजना विकास गर्न इच्छुक व्यक्ति वा कम्पनीले उक्त रकममात्र बुझाएर मात्र पुग्दैन । विद्युत ऐन, २०४९, विद्युत नियमावली, २०५० र निर्देशकाको दस्तुर सहितको प्रक्रिया पूरा गरेपछि मात्र बास्केटका आयोजनाको अध्ययन अनुमतिपत्र लिन सक्नेछन् ।

'बास्केटका आयोजना प्रतिस्पर्धाबाट निर्माण गर्ने ढोका खुलेको छ,' मन्त्रालयको नीति महाशाखा प्रमुख तथा प्रवक्ता सञ्जय शर्माले भने, 'अहिलेसम्म कुन आयोजना कसरी निर्माण गर्ने भनेर प्राथमिकता दिइएको छैन, निर्देशिकाले त्यसलाई पनि जोड दिएको छ ।'

बास्केटका वा अन्य आयोजनाको उत्पादन अनुमतिपत्र दिँदा प्रस्ट प्रावधान नभएकोले नयाँ निर्देशिका जारी गरेको उनले बताए । पुरानो कार्यविधिमा पनि बास्केटका आयोजना सरकार आफैंले वा इच्छुक व्यक्ति वा कम्पनीलाई प्रतिस्पर्धाबाट दिन सकिने उल्लेख छ । जलस्रोत मन्त्रालय टुक्रिएर ऊर्जा र सिँचाइ भएपछि अनुमतिपत्र दिने प्रावधान योसहित पाँचौंपटक संशोधन गरिएको छ ।

ऊर्जा र सिँचाइ मन्त्रालय बनेपछि बाहालवाला ऊर्जामन्त्रीले आफू र पार्टीनिकट हुने गरी कार्यविधि संशोधन तथा परिमार्जन गर्दै आएका छन् । अहिलेको निर्देशिकाले गलत प्रावधानलाई निरुत्साहित गरेको शर्माको दाबी छ । माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेला धेरैलाई भाग पु¥याउन तात्कालीन जलस्रोत मन्त्रालय टुक्र्याएको थियो ।

सरकारको आफ्नै खर्च वा विदेशी सहयोगमा अध्ययन भएका आयोजना, जुनसकै कारणले सर्वेक्षण र उत्पादन अनुमतिपत्रका दरखास्त तथा उत्पादन अनुमतिपत्र रद्द भएका आयोजना बास्केटमा राखिने प्रावधान छ । यस्ता आयोजना प्राथमिकताको आधारमा विद्युत विकास विभागले सूचना प्रकाशन गरेर प्रतिस्पर्धा गराइने निर्देशिकामा उल्लेख छ ।

निर्देशिका अनुसार आर्थिक वा प्राविधिकरुपमा सक्षम प्रवद्र्धक छनोटको आवश्यक आधारलगायत विषय प्रतिस्पर्धाको लागि तयार गरिने प्रस्ताव (आरएफपी) मा उल्लेख भएअनुसार तय हुनेछ । बास्केटका आयोजना हिजो प्रतिस्पर्धाका आधारमा दिने भनिए पनि मन्त्री वा सचिवको चाहनाअनुरुप प्रतिस्पर्धा गराइन्थ्यो ।

गलत परम्परालाई यसले विस्थापित गर्ने शर्माको भनाइ छ । दफा १३ को उपदफा ४ अनुसार कुनै खास आयोजना वा निर्यातमूलक आयोजनाको छनोट तथा तिनको प्रतिस्पर्धा सरकारले आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

बास्केटमा आयोजना थुपारेर मात्र लक्ष्य पूरा नहुने भएकाले नयाँ निर्देशिका जारी गरेको मन्त्रालयका अधिकारीहरुको भनाइ छ । आयोजना निर्माणमा विदेशी र नेपाली संयुक्त कम्पनीको हकमा कसरी अनुमतिपत्र दिने भन्ने अहिलेको कार्यविधिमा उल्लेख नभएकाले यसमा समेत निर्देशिकाले बाटो खोलिदिएको शर्माको दाबी छ ।

अनुमतिपत्रको म्याद सकिएपछि नवीकरण गर्न आउने, दस्तुर बुझाउने र थप कागजपत्र बुझाउने लगायत आधा दर्जन समस्या भएकाले यसलाई खुकुलो बनाउनुपर्ने विभागका महानिर्देशक दिनेशकुमार घिमिरेले बताउँदै आएका थिए । सरकारको बास्केटमा अहिले १० हजार १ सय २५ मेगावाट बराबरका २ सय १० आयोजना छन् । १ हजार १ सय ११ मेगावाटको सुनकोसी–२, ५ सय ३६ मेगावाटको सुनकोसी–३ लगायत कर्णाली बेसिनका अधिकांश आयोजना बास्केटमै छन् ।

निर्देशिकाले विगतमा विभिन्न बहानामा उत्पादन अनुमतिपत्रको म्याद थप्न दबाब दिइरहने प्रवृत्तिलाई समेत निरुत्साहित गरेको छ । विद्युत खरिद सम्झौता (पिपिए) तथा वित्तीय व्यवस्थापन हुनुपर्ने समयसहित ससर्त उत्पादन अनुमतिपत्र दिइएकोमा तोकिएको समयभित्र उक्त काम पूरा नभए आवश्यकता एवं औचित्यको आधारमा पहिला तोकिएको अवधिसमेत गणना गर्दा जम्मा ३ वर्ष नबढ्ने गरी म्याद थपिने निर्देशिकामा उल्लेख छ ।

सुरुमा १ वर्षको म्याद दिइने र प्रगतिको आधारमा अर्को २ वर्षसम्म उत्पादन अनुमतिपत्रको म्याद थपिनेछ । उक्त अवधिभित्र पनि तोकिएका काम पूरा नभए अनुमतिपत्र स्वतः रद्द हुने पनि निर्देशिकामा व्यवस्था छ । यसअघि तोकिएको प्रगति नभए पनि विभिन्न बहानामा र सरकार वा ऊर्जामन्त्रीको

दबाबमा म्याद थपिन्थ्यो ।

उत्पादन अनुमतिपत्र लिएर केही महिना वा वर्षपछि नै क्षमता बढाउन आवेदन दिने वा दबाब दिने परम्परा हटाएर निर्देशिकामै तोकेर निश्चित प्रावधानका आधारमा क्षमता बढाइनेछ । कुनै प्रवद्र्धकले ५ वर्षे अध्ययन अनुमतिको म्याद छँदै उत्पादन अनुमतिपत्र लिएर क्षमता वृद्धिको आवेदन दिँदा सर्वेक्षण अनुमतिको बाँकी समयको दस्तुर र उत्पादन अनुमतिपत्रको दस्तुर सोहीअनुसार तिर्नुपर्नेछ ।

'निर्माण अवधि छोट्याएर आयोजना समयमै पूरा गर्न प्रवद्र्धकलाई यसले नैतिक दबाब दिनेछ,' शर्माले भने, 'निर्देशिकामै व्यवस्था गरेपछि आयोजनाको फाइलैपिच्छे निर्णय गर्नुपर्ने झन्झट हुँदैन । आयोजना प्राथमिकीकरण गर्न अब विभागमा जिम्मेवारी थपिएको छ ।'

विभागले अनुमतिपत्र जारी गर्दा भविष्यमा निर्माण हुने जलाशय आयोजनामा असर नपर्ने गरी कारबाही गर्नुपर्नेछ । कोसी, कर्णाली, गण्डकी र महाकाली गुरुयोजनाअन्तर्गत पहिचान भएका आयोजनाको सम्बन्धमा गुरुयोजनाको उद्देश्यसँग प्रतिकूल प्रभाव नपर्ने गरी अनुमतिपत्र दिनुपर्ने निर्देशिकाको दफा १२ को उपदफा १ मा उल्लेख छ ।

मन्त्रालय टुक्र्याएपछि पहिलोपटक मन्त्री भएका प्रकाशशरण महतको कार्यकालमा रितपूर्वक परेको पहिलो निवेदन 'फस्ट कम फस्ट'का आधारमा अनुमति दिने व्यवस्था गरिएको थियो । उनीपछि मन्त्री बनेका गोकर्ण विष्टले यो क्षेत्रमा केही सुधारको प्रयास गरेका थिए ।

विष्टले पहिलो निवेदनको आधारमा नभई आयोजनाको अनुमतिपत्र प्रतिस्पर्धाबाट मात्र दिन सकिने कार्यविधि ल्याएका थिए । उक्त कार्यविधि कार्यान्वयन भएपछि खोलाको अनुमतिपत्र ओगट्ने व्यक्ति र निकाय निरुत्साहित भएका थिए । त्यतिबेला खोला ओगटेर बसेका करिब ३ हजार मेगावाट आयोजनाको अनुमतिपत्र खारेजसमेत गरिएको थियो ।

बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा ऊर्जामन्त्री भएका पोष्टबहादुर बोगटीले विष्टले अनुमतिपत्र वितरणमा बसालेको पद्धतिलाई निरन्तरता दिएनन् र संशोधन गर्न दबाब दिए । उनकै कार्यकालमा दुईपटक कार्यविधि संशोधन भयो । पछिल्लो एक दसकयता ऊर्जा तथा जलविद्युत क्षेत्रको विकास गर्नेभन्दा मन्त्री हुने व्यक्ति र पार्टी निकट स्वार्थका कारण यसरी नै अनुमतिपत्र् वितरणमा राजनीति हुँदै आएको छ ।

श्रोतः नयाँ पत्रिका, २०७२/६/२५

# जाँदाजाँदै वामदेवले जारी गरे विद्‌युत् अनुमतिपत्र निर्देशिका

**सचेन गौतम**

ऊर्जामन्त्रीको समेत जिम्मेवारी सम्हालेका निवर्तमान उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले ‘विद्‌युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका–०७२’ जारी गरेका छन् । उपप्रधानमन्त्री गौतमले निर्देशिकालाई शुक्रबार स्वीकृत गरेका हुन् । विद्‌युत् उत्पादन, प्रसारण र वितरणको सर्भेक्षण तथा उत्पादन अनुमतिपत्र जारी संशोधन, नवीकरण, खारेज गर्ने कामकारबाहीको निर्णय प्रक्रियामा लागू हुने निर्देशिका जारी गरिएको मन्त्रालयले जनाएको छ ।

ऊर्जा मन्त्रालयले आइतबार निर्देशिका सार्वजनिक गरेको छ । भ्रष्टाचार अभियोगमा तत्कालीनमन्त्री राधाकुमारी ज्ञवाली बर्खास्तीमा परेपछि ऊर्जा मन्त्रालयको जिम्मेवारी पनि गौतमले सम्हालिरहेका थिए ।

निर्देशिकाले सरकारको बास्केटमा रहेका आयोजनाको विद्‌युत् उत्पादनको सर्भेक्षण अनुमतिपत्र पारदर्शी प्रक्रिया अपनाई खुला प्रतिस्पर्धाबाट मात्र निजी क्षेत्रमार्फत विकास गराउने व्यवस्था गरेको छ । सरकारको आफ्नै खर्च वा विदेशी सहयोगमा अध्ययन भएका र जुनसुकै कारणले सर्भेक्षण अनुमतिपत्र र उत्पादन अनुमतिपत्रका दरखास्त तथा उत्पादन अनुमतिपत्र रद्द भएका आयोजनाका प्रवद्र्धक सरकारले प्रतिस्पर्धाबाट छनोट गर्नेछ । सरकारको बास्केटमा १० हजार १ सय २५ मेगावाटका २ सय १० जलविद्‌युत् आयोजना छन् ।

सरकारले सबैभन्दा बढी राजस्व प्रस्ताव गर्ने प्रवद्र्धकलाई प्रतिस्पर्धाका आधारमा सर्भे लाइसेन्स दिनेछ । प्रतिस्पर्धा गराउँदा सर्भे लाइसेन्सको ५ वर्षको दस्तुर रकमलाई न्यूनतम कबोल अंक मानी सबैभन्दा बढी रकम कबोल गर्ने प्रवद्र्धकले लाइसेन्स पाउनेछ । सरकार वा सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थाले अध्ययन गरेको आयोजनाको हकमा अध्ययन गर्न लागेको खर्च नघट्ने गरी हुन आउने कुल रकमलाई न्यूनतम कबोल अंक मानी सबैभन्दा बढी रकम कबोल गर्ने प्रवद्र्धकलाई लाइसेन्स दिने व्यवस्था निर्देशिकाले गरेको छ । बढी रकम कबोल गर्ने प्रवद्र्धकलाई विद्‌युत् ऐन, २०४९, विद्‌युत् नियमावली, २०५० र निर्देशिकाको दस्तुरसहितको प्रक्रिया पूरा गरी विद्‌युत् उत्पादनको सर्भेक्षण अनुमतिपत्र जारी गरिनेछ । कुनै खास आयोजना वा निर्यातमूलक आयोजनाको छनोट तथा तिनको प्रतिस्पर्धाका लागि सरकारले आवश्यकताअनुसार अन्य आधार तय गर्न सक्ने व्यवस्था निर्देशिकाले गरेको छ ।

१–५ मेगावाटका आयोजनाले सर्भे लाइसेन्स लिँदा १० लाख, ५–१० मेगावाटकाले २० लाख, १०–२५ मेगावाटकाले ३० लाख, २५–१०० मेगावाटकाले ४० लाख, १००–५०० मेगावाटकाले ५० लाख र पाँच सयमाथिकाले ६० लाख रुपैयाँ प्रतिवर्ष एकमुष्ट रूपमा तिर्नुपर्ने व्यवस्था छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खारेज भएका जलविद्‌युत् आयोजनाको लाइसेन्स प्रतिस्पर्धाबाट मात्रै दिन सरकारलाई निर्देशन दिएको थियो । खारेज गरिएका लाइसेन्स सरकारी बास्केटमा ल्याई मूल्यांकन मापदण्ड तयार गरी प्रतिस्पर्धामा लैजान पनि अख्तियारले निर्देशन दिएको थियो ।

प्रतिस्पर्धाका आधारमा मात्र सक्षम ठहरिएको संस्था/व्यक्तिलाई प्रदान गर्ने गरी जलविद्‌युत् आयोजना अनुमतिपत्रसम्बन्धी निर्देशिकामा परिमार्जन गर्न पनि अख्तियारले ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको थियो ।

उत्पादन लाइसेन्स पाएपछि विद्‌युत् खरिदबिक्री सम्झौता (पिपिए) र वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर)को अवधि बढीमा तीन वर्ष नबढ्ने गरी थप्न सकिने व्यवस्था गरिएको छ । ‘पिपिए र फाइनान्सियल

क्लोजर सम्पन्न हुनुपर्ने समयावधिसहित ससर्त उत्पादन अनुमतिपत्र प्रदान भएकामा तोकिएको समयावधिभित्र उक्त कार्यहरू सम्पन्न नभएमा आवश्यकता एवं औचित्यको आधारमा पहिला तोकिएको अवधिसमेत गणना गर्दा कुल अवधि बढीमा तीन वर्ष नबढ्ने गरी म्याद थप गर्न सकिनेछ,' निर्देशिकामा व्यवस्था छ ।

यसरी थप गरिएको अवधिभित्र पनि पिपिए र फाइनान्सियल क्लोजर गर्न नसकेमा लाइसेन्स स्वत: रद्द हुने व्यवस्था गरिएको छ । यसअघि ऊर्जा मन्त्रालयले पिपिए र फाइनान्सियल क्लोजरको समय एक वर्ष दिएर उत्पादन लाइसेन्स जारी गर्दै आएको छ ।

पिपिए र फाइनान्सियल क्लोजर सम्पन्न गर्न उत्पादन अनुमतिपत्र जारी भएको २ वर्षसम्मको समयावधिमा उक्त कार्यहरू सम्पन्न गर्ने गरी ससर्त उत्पादन अनुमतिपत्र जारी गर्न सकिने व्यवस्था गरिएको छ ।

सर्वेक्षण अनुमतिपत्रको कुल ५ वर्षको पूरा नगरी उत्पादन लाइसेन्सका लागि दरखास्त दिएका प्रवद्र्धकले फिल्ड अन्वेषण वा अध्ययन पूरा गरी तयार भएको सम्भाव्यता अध्ययन प्रतिवेदन वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन वा उद्योग दर्ता प्रमाणपत्र वा कनेक्सन एग्रिमेन्ट पेस नगरेमा त्यस्तो दर्खास्त उपर कारबाही अगाडि नबढाउने व्यवस्था गरिएको छ ।

त्यस्ता प्रवद्र्धकलाई सोही आयोजनाका लागि पुन: सर्वेक्षण अनुमतिपत्रका लागि दर्खास्त दिन मन्त्रालयले जानकारी दिनेछ । पुन: सर्वेक्षण अनुमतिपत्रका लागि दर्खास्त दिन जानकारी गराइएको मितिले १५ दिनभित्र दर्खास्त दिइसक्नु पर्नेछ । यस्तो परिस्थितिमा नयाँ सर्वेक्षण अनुमतिपत्रको कुल अवधि गणना गर्दा पहिलो सर्वेक्षण अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष ननाघ्ने गरी नयाँ सर्वे लाइसेन्स जारी गर्न सकिने व्यवस्था निर्देशिकाले गरेको छ । नयाँ सर्वे लाइसेन्सको अवधि २ वर्षको हुने गरी जारी गरिनेछ । तर, कुल अवधि गणना गर्दा एक वर्षका लागि मात्र जारी हुन सक्ने भएमा अनुमतिपत्रको अवधि एक वर्षको हुने व्यवस्था गरिएको छ ।

**यस्तो छ निर्देशिका**

- सरकारको बास्केटमा रहेका जलविद्युत् आयोजनाको लाइसेन्स प्रतिस्पर्धाबाट मात्रै दिइने, प्रतिस्पर्धा गराउादा सर्भे लाइसेन्सको ५ वर्षको दस्तुर रकमलाई न्यूनतम कबोल अंक मानी सबैभन्दा बढी रकम कबोल गर्ने प्रवद्र्धकले आयोजना पाउने
- उत्पादन लाइसेन्स पाएपछि विद्युत् खरिदबिक्री सम्झौता (पिपिए) र वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) को अवधि बढीमा तीन वर्ष नबढ्ने गरी थप्न सकिने
- सर्भे नसकी उत्पादन अनुमतिपत्रका लागि निवेदन दिने आयोजनाको दरखास्त अगाडि नबढ्ने

श्रोतः नागरिक, २०७२/६/२६

# जलविद्युतमा एनआरएन लगानी गफमात्रै

लक्ष्मण वियोगी

गैरआवासीय नेपाली संघ (एनआरएन) ले लगानीमैत्री वातावरण भए विदेशमा बस्ने नेपालीबाट जलविद्युतमा अर्बौं रुपैयाँ लगानी भित्र्याउन सकिने घोषणा गरे अहिलेसम्म जम्मा ५६ मेगावाटका आयोजनामा लगानी भएको छ।

सरकारले लगानीको वातावरण सिर्जना गर्न नसकेको भन्दै आरोप लगाउने संघ तथा यसका पदाधिकारीले यहाँ लगानी गर्न चासो नदेखाएको अहिलेसम्मको अवस्थाले पुष्टि गर्छ। संघले २७ र गैरआवासीय नेपालीले २९ मेगावाटका आयोजना लगानी गरेको तथ्यांक छ।

नेपालको पूर्वाधार तथा जलविद्युत आयोजनामा लगानी गर्न भन्दै २०६९ भदौ १६ गते 'एनआरएन लिमिटेड' नामको कम्पनी खोलिएको थियो। उक्त कम्पनीअन्तर्गत रहेर 'हिमालयन पावर पार्टनर लिमिटेड'ले लमजुङस्थित २७ मेगावाटको दोर्दीखोलामा लगानी गरेको छ।

एनआरएनले कम्पनी खोलेको पनि करिब ४ वर्ष भएको छ। इच्छाशक्ति भएको भए यो अवधिमा ५० मेगावाटको एउटा आयोजनाको निर्माण पूरा हुन्थ्यो। तर, दोर्दीखेलाबाहेक अन्य आयोजनामा लगानी गर्ने योजना तय गरिएको छैन। कम्पनी भर्खरै स्थापना भएकाले लगानी बढाउनेबारे विभिन्न मुलुकका एनआरएनसँग परामर्श भइरहेको एनआरएन लिमिटेडकी प्रमुख सञ्चालन अधिकृत उषा खतिवडाले बताइन्।

'दोर्दीमा रसिया, कोरिया, जापान, अस्ट्रेलिया, हङकङलगायत मुलुकका करिब ८ सय व्यक्तिले लगानी गरेका छन्,' उनले सोमबार नागरिकसँग भनिन्, 'तत्काल अर्को आयोजनामा लगानी गर्ने योजना छैन। कम्पनीमार्फत अन्य क्षेत्रमा हुने लगानीबारे छलफल तथा परामर्श भइरहेको छ।'

दोर्दीबाहेक व्यक्तिगत लगानीमा एनआरएनएका केही पदाधिकारीले इलामस्थित २२ मेगावाटको माईखोलामा लगानी गरेका छन्। उक्त आयोजनाबाट उत्पादन सुरु भइसकेको छ। सोही आयोजनाबाट निकालिएको पानीबाट तल्लो तटमा ७ मेगावाटको माई क्याकेड आयोजना निर्माण भइरहेको छ। दोर्दी र माई, माई क्यासकेड ३ वटा आयोजनामा मात्र एनआरएनको लगानी छ।

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले व्यक्तिगत रुपमा सामाजिक तथा स्वास्थ्य क्षेत्रमा लगानी गरे पनि त्यसयताका अध्यक्षले नेपालमा लगानी गर्नेभन्दा भाषण गर्नमा जोड दिँदै आएका छन्।

एनआरएन औपचारिक रुपमा स्थापना भएको करिब १२ वर्षमा सामाजिक तथा स्वास्थ्यका क्षेत्रमा सामान्य व्यक्तिगत लगानी भए पनि संस्थागत लगानीमा प्राथमिकता नदिएको एक व्यवसायीको तर्क छ।

महतोले अध्यक्ष छाडेपछि जापानका देवमान हिराचनले उक्त जिम्मेवारी सम्हाले। उनले त्यतिबेला नेपालमा लगानी गर्न सरकारले उचित वातावरण बनाइदिनुपर्ने तर्क राखेका थिए। बरु उनको जोड एनआरएनलाई दोहोरो नागरिकता दिनुपर्नेमा थियो।

दुईबर्से कार्यकालमा हिराचनले काम देखाउन सकेनन्। व्यक्तिगत प्रयासमा पनि कतै लगानी गरेनन्। २०६८ मा हिराचनको कार्यकाल सकिँदा उनले तरल राजनीति र लगानीमैत्री वातावरण नरहेकाले एनआरएनले लगानी गर्न नसकेको तर्क राखेका थिए

हिराचनपछि अध्यक्षको जिम्मेवारी सम्हालेका जिवा लामिछाने नेतृत्वले पनि जलविद्युत आयोजनामा लगानी गर्ने भाषणबाहेक अरु गरेन। लगानी गर्न सय मेगावाटसम्मको आयोजना उपलब्ध गराइदिन भन्दै लामिछाने सहितको टोली तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारी गुहार्न पुगेको थिए।

तत्कालीन ऊर्जा सचिव बालानन्द पौडेल र विद्युत विकास विभागका महानिर्देशक महेन्द्रबहादुर गुरुङ सम्मिलित अर्थ मन्त्रालयको बैठकमा १ सय १ मेगावाटको तमोर मेवा दिने तयारी भएको थियो। गुरुङले भनेका थिए, 'अहिले अध्ययन गरेर तयारी अवस्थाको आयोजना यही छ, यहाँहरुले यसैमा लगानी गर्न सक्नुहुन्छ।'

लामिछानेको कार्यकाल सकिएर अर्का अध्यक्ष शेष घलेको पहिलो कार्यकाल सकिँदासम्म कुनै अर्को आयोजनामा लगानी गर्ने साझा धारणा उसले सार्वजनिक गरेको छैन। एनआरएनए पदाधिकारी दसैंनजिक हरेक वर्ष काठमाडौंमा जम्मा भएर 'एनआरएन डे' मनाउँछन्। यसका लागि सरकारी कोषबाट रकमसमेत दिने गरिएको छ। तर, उनीहरुले राज्यको विकासमा १ प्रतिशत पनि योगदान नगरेको व्यवसायीको धारणा छ।

'एनआरएन गफैमात्र गर्छन्, यसरी देश बन्ने भए राजनीतिक दलका नेताले मुलुकको विकास कहाँ पुर्याउउँथे,' एक जलविद्युत उद्यमीले भने, 'काठमाडौंमा सम्मेलन गर्ने, भाषण गर्ने र आफूलाई नेपाली भनाइरहने बाहेक अरु काम गर्न सक्दैनन्।' संघमार्फत मुलुकमा लगानी आउँछ भनेर अपेक्षा गर्नु मुर्खता हुने उनको तर्क छ।

कार्यसमितिका केही व्यक्तिले शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा काम गर्दै आए पनि सिंगो संस्थाका योजना कागजमै सीमित छ। लगानीमैत्री वातावरणको अभाव र राजनीतिक अस्थिरतालाई दोष दिँदै

एनआरएनए लगानीबाट पन्छिँदै आएको छ। हरेक मुद्दामा सुविधा अगाडि सारेर मात्र सरकारसँग लगानीका कुरा उठाउने नियत हाबी हुँदै आएको छ।

अवसरको खोजी, शिक्षाका लागि बिदेसिएका अधिकांश नेपाली कालान्तर स्थायीरूपमा उतै बस्ने गरेका छन्। तिनले उठाउँदै आएको दोहोरा नागरिकता अर्थात परिचयपत्र नेपालसँग जोडिइरहन र यहाँको आयस्रोत विदेश लैजाने भर्याङ मात्र भएको परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारी बताउँछन्।

सुविधा मागेर विकासका योजना अगाडि सार्ने एनआरएनको नियतले देशबाट पुँजी पलायन तथा आर्थिक अपराधसमेत बढने विश्लेषण हुँदै आएको छ। एनआरएनएमा आवद्ध व्यक्तिले भने परिचयपत्रको व्यवस्था हुन सके मात्र नेपालमा ठूलो परिमाणमा लगानी भित्रिने दाबी गर्दै आएका थिए। सरकारले परिचयपत्र दिने निर्णय गर्योह तर एनआरएन अझै भाषणमै सीमित छन्।

घलेको लगानीमा दरबारमार्गमा ७ अर्ब रुपैयाँमा पाँचतारे होटल, चावहिलमा अन्तर्राष्ट्रियस्तरको अस्पताल निर्माण हुने भनिए पनि त्यो कागजमा मात्र सीमित छ। विकास निर्माणको नाममा एनआरएनएले मुलुकलाई आश्वासनमात्र बाँड्दै आएको छ। आश्वासन बाँड्नु, देखाु र त्यसलाई पछ्याउनु गलत होइन। तर लगानीका बाचा कति पूरा भए भन्ने मुख्य विषय हो।

तर, विगत १० वर्षदेखि योजनाका चाङ मात्र थुपारिरहेको छ, एनआरएनले। हरेक दुई वर्षमा काठमाडौंमा चुनाव गर्दै आएको उसले चुनावका समयमा देश विकासको जिम्मा आफैंले लिएको भाषण गर्ने गरेको छ।

केही गैरसरकारी संस्था तथा निजी क्षेत्रको आडमा पूर्वाधार निर्माण, जलविद्युत विकास तथा स्वास्थ्य क्षेत्रमा ठूलो लगानी भित्र्याउने तयारी भइरहेको सार्वजनिक हुन्छ। तर, ती कुनै पनि योजना हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन्। एनआरएनमा आवद्ध केही व्यक्तिले गरेको लगानीको सम्पूर्ण प्रतिफल विदेश नै ओसोर्ने गरेका छन्।

श्रोतः अभियान, २०७२/६/२६

## २ दशकपछि विद्युत् माग ६ हजार मेगावाट

*जीवन बस्नेत*

**परम्परागत र अवास्तविक : निजीक्षेत्र**

### विद्युत् माग प्रक्षेपण

| वर्ष | मेगावाट |
|---|---|
| २०१५/१६ | १४२२.८ |
| २०१८/१९ | १९०३.३ |
| २०२१/२२ | २३७८.९ |
| २०२४/२५ | २९७८.३ |
| २०२७/२८ | ३६८८.७ |
| २०३०/३१ | ४६१४.४ |
| २०३३/३४ | ५७०५.३ |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण*

नेपालमा आर्थिक वर्ष २०९०/९१ (सन् २०३३/३४) सम्ममा विद्युत् माग करीब ६ हजार मेगावाट (मेवा) पुग्ने प्रक्षेपण गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले सार्वजनिक गरेको प्रक्षेपणअनुसार १८ वर्षपछि ५ हजार ७ सय ५ दशमलव ३ मेवा विद्युत् आवश्यक पर्नेछ । यो २८ हजार ३ सय ३२ दशमलव ९ गिगावाट आवर बराबर हो । आर्थिक वर्ष २०७२/७३ मा विद्यत्को उच्चतम माग १ हजार ४ सय २२ मेगावाट रहने अनुमान गरिएको छ । यसअघि आर्थिक वर्ष २०७१/७२ मा विद्युत् माग १ हजार २ सय ८६ मेगावाट अनुमान गरिएको थियो । तर, वास्तविक माग भने १ हजार २ सय ९१ मेवा पुगेको आर्थिक सर्वेक्षण २०७१/७२ मा उल्लेख छ ।

प्राधिकरणले गरेको प्रक्षेपणलाई स्वतन्त्र विद्युत् उत्पादकहरूले भने अस्वीकार गरेका छन् । 'प्राधिकरणको अनुमान परम्परागत र अवास्तविक छ,' स्वतन्त्र विद्युत् उत्पादकहरूको संस्था नेपालका अध्यक्ष खड्गबहादुर विष्टले भने । उनका अनुसार अहिले नै भान्सा र यातायातमा विद्युतीकरण गर्ने हो भने ४ हजारदेखि ५ हजार मेगावाट विद्युत् आवश्यक पर्छ । विभिन्न विश्वविद्यालयले गरेका अध्ययनले पनि यस्तो सम्भावना देखाएको उनको भनाइ छ । स्वतन्त्र विद्युत् उत्पादकहरूका अनुसार प्राधिकरणले भने विद्युत् माग कर्मकाण्डी तरीकाले हरेक वर्ष अघिल्लो आर्थिक वर्षको भन्दा १० प्रतिशत बढाएर राख्ने गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घको ऊर्जा समितिका सभापति तथा ऊर्जाविज्ञ ज्ञानेन्द्रलाल प्रधानका अनुसार हालको आवश्यकता नै करीब ६ हजार मेवा पुगिसकेको छ । 'विद्युत् क्षेत्रसँग सम्बन्धित सरकारी र निजीक्षेत्रका फरकफरक तथ्याङ्कले पनि अन्योल सृजना गरिरहेको छ,' उनले भने । वास्तविकतामा आधारित भएर अध्ययन नै हुन नसकेको प्रधानले बताए ।

नेपालमा ऊर्जासँग सम्बन्धित निकायहरूले विद्युत्को आवश्यकताबारे तथ्याङ्क त राखेका छन् तर, तिनमा एकरूपता भने छैन । जल तथा ऊर्जा आयोग, प्राधिकरण, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, राष्ट्रिय योजना आयोग र लगानी बोर्डसँग विद्युत् आवश्यकतासम्बन्धी तथ्याङ्क भए पनि तिनमा एकरूपता छैन । यस्तो महŒवपूर्ण तथ्याङ्कमा एकरूपता आवश्यक भएको विद्युत् क्षेत्रका विज्ञहरूको भनाइ छ । नेपालको ऊर्जाको मागमध्ये अत्यधिक परम्परागत ऊर्जामा निर्भर छ । यसलाई विस्थापित गर्ने हो भने विद्युत्को माग ४० हजार मेगावाटसम्म पुग्न सक्ने प्रधानको भनाइ छ ।

श्रोतः अभियान, २०७२/६/२६

# विद्युत् आयोजनाको अनुमतिपत्र सम्बन्धी नयाँ निर्देशिका जारी

ऊर्जा मन्त्रालयले विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७२, जारी गरेको छ । यसअघिको निर्देशिकाको तुलनामा बृहत् एवम् विशिष्टीकृत गरिएको नयाँ निर्देशिकाले विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी विद्यमान समस्या समाधान गर्न सहज हुने ऊर्जा मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयले गत शुक्रवार निर्देशिक पारित गरेको भए पनि आइतवार मात्र सार्वजनिक गरेको हो ।

नयाँ निर्देशिकामा १ सय किलोवाटदेखि १ हजार किलोवाटसम्म र १ मेगावाटदेखि माथिका विद्युत् आयोजनाहरूको विद्युत् उत्पादनका लागि छुट्टाछुट्टै व्यवस्था गरेको छ । यसअघिको निर्देशिकामा यस्तो व्यवस्था छुट्ट्याइएको थिएन । नयाँ निर्देशिकामा १ सय किलोवाटदेखि १ हजार किलोवाटसम्मका आयोजनाहरूको विद्युत् उत्पादन, प्रसारण वितरणको सर्वेक्षणको जानकारी स्वीकृतिसम्बन्धी व्यवस्था दफा ३ मा गरिएको छ ।

त्यस्तै, दफा ४ मा एक मेगावाटभन्दा ठूला आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्तसम्बन्धी व्यवस्था छ । यसअघि अनुमतिसम्बन्धी व्यवस्थालाई एउटा दफामा सीमित गरिएको थियो । नयाँ निर्देशिकाले सर्वेक्षण तथा निर्माणका लागि आवश्यक पूर्वशर्तहरूलाई अघिल्लो निर्देशिकामा भन्दा बढी स्पष्टता प्रदान गरेको छ । नयाँ निर्देशिकाले कुनै पनि सर्वेक्षण अनुमतिपत्रको नवीकरण १ वर्षका लागि गर्ने व्यवस्था गरेको छ ।

श्रोतः अभियान, २०७२/६/२६

# बुटवल पावरको विदेशी लगानीकर्ता बाहिरिँदै

बुटवल पावर कम्पनी (बीपीसी)मा करीब ६ दशमलव ११ प्रतिशत शेयर स्वामित्व रहेको नर्वेजियन कम्पनी 'इण्टरक्राफ्ट एएस नर्वे' (आईकेएन)ले आफ्नो स्वामित्वमा रहेको सबै शेयर विक्री गर्ने भएको छ । कम्पनीबाट बाहिरिने तयारीमा रहेको सो कम्पनीले आइतवार नेपाल स्टक एक्सचेञ्जमार्फत आफ्नो स्वामित्वमध्येको ४ दशमलव १५ प्रतिशत शेयर विक्री गरिसकेको छ ।

'उद्योग मन्त्रालयबाट शेयर विक्रीका लागि पत्र आएकाले नेप्सेले यो कारोबार गराएको हो,' नेप्सेका एक अधिकारीले जानकारी दिए । प्रति शेयर ४ सय रुपैयाँको दरमा ६ लाख ९५ हजारभन्दा बढी कित्ता शेयर किनबेच भएको हो । कम्पनीको यो शेयर किनबेचबाट मात्रै २७ करोड रुपैयाँको कारोबार भएको छ । कम्पनीको दिनभरमा भने २८ करोड ३ लाख रुपैयाँको शेयर कारोबार भएको हो । अब आईकेएनको स्वामित्वमा ३ लाख २७ हजार कित्ता शेयर बाँकी छ । तर, केही दिनअघि नै कम्पनीले सबै शेयर विक्री गर्न अनुमति मागेको नेप्से स्रोतले जानकारी दिए ।

आइतवार यो शेयर खरीद गरेको साङ्ग्रिला इनर्जी लिमिटेडको बीपीसीमा योसमेत गरी शेयर स्वामित्व ७३ प्रतिशत पुगेको छ । यो कम्पनीले आईकेएनको बाँकी शेयरसमेत खरीद गर्ने भएको छ । साङ्ग्रिलामा नेपालका पञ्चकन्या समूह, ज्योति समूहलगायत मर्कण्टाइलजस्ता अन्य कम्पनीको पनि लगानी रहेको छ । साङ्ग्रिलाले आइकेएनको सबै शेयर खरीद गरेपछि उसको कम्पनीमा स्वामित्व करीब ७६ प्रतिशत पुग्नेछ । हाल आईकेएनका तर्फबाट बीपीसीको सञ्चालक समितिमा रत्नसंसार श्रेष्ठले प्रतिनिधित्व गर्दै आएका छन् ।

आईकेएनको बीपीसीको सहायक कम्पनी नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिमिटेडमा पनि ४६ दशमलव ९० प्रतिशत शेयर स्वामित्व रहेको छ । नेपाल हाइड्रोमा रहेको शेयर स्वामित्व के हुने भन्ने कम्पनीले खुलाउन चाहेन । हाल बीपीसीमा सरकारको ९ दशमलव १९, युनाइटेड मिशनको १ दशमलव ९ र सर्वसाधारणको १२ दशमलव १३ प्रतिशत शेयर स्वामित्व रहेको छ ।

श्रोतः कारोबार, २०७२/६/२७

# भूकम्प र इन्धन अभावले जलविद्युत आयोजनाको लागत र समय बढ्ने

**छविलाल बगाले**

लमजुङ, २७ असोज : जिल्लामा निर्माणाधिन जलविद्युत आयोजनाहरुको नियमित रुपमा काम हुन नसक्दा समय र लागत दुबै बढ्ने निश्चित भएको छ । वैशाख १२ को भूकम्प र इन्धन अभावका कारण निर्माणाधिन जलविद्युत आयोजनाहरुको लागत र समय बढ्ने भएको हो ।

लमजुङमा निर्माणाधिन ६ जलविद्युत आयोजनाहरुले आगामी ५ वर्षभित्रमा १५७ मेगावाट विद्युत उत्पादन गर्ने गरि युद्धस्तरमा निर्माणको कार्य अघि बढाइरहेपनि भूकम्प र इन्धनका कारण निर्माण कार्य ठप्प हुन पुगेको मोडल इन्भेष्टमेण्ट कम्पनीका अध्यक्ष भेषबहादुर पौडेल बताउँछन् । भूकम्पका कारण लामो समय निर्माण कार्य अबरुद्ध भएका आयोजनाहरु पुनः इन्धन अभाका कारण रोकिनुपर्यो ।' पौडेलले भने, निर्माणाधिन जलविद्युत आयोजना संचालनका लागि सरकारले प्राथमिकताका साथ इन्धनको व्यवस्था मिलाउनुपर्ने हो । तर वास्तै गरेन ।' उनले थपे, 'पेट्रोलियम पदार्थको अभावपछि निर्माणाधिन आयोजना बन्द हुँदा ती आयोजनाहरूले दैनिक १ करोडबढि घाटा बेहोर्नुपरेको छ । त्यो कसले बुझछ ?'

निर्धारित मितिमा आयोजनाको निर्माण कार्य नसक्ने आयोजनाले समयमा विद्युत् उत्पादन गर्न नसक्ने भएपछि विद्युत् उत्पादनमा घाटा हुने प्रवद्र्धकहरूले बताएका छन् । उनीहरुका अनुसार समयमा विद्युत् उत्पादन गर्न नसक्दा आयोजनालाई दैनिक घाटा लाग्ने र सरकारलाई उल्टै हर्जनासमेत बुझाउनुपर्छ । जिल्लामा अहिले निर्माणाधिन जलविद्युत आयोजनाहरुमा ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी–ए २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको माथिल्लो दोर्दी–ए, २ मेगावाटको छ्याङदी खोला, ३ मेगावाटको मिदिमखोला (करापु¬), ४९.६ मेगावाटको सुपरदोर्दी–ख रहेका छन् ।

जिल्लामा निर्माणाधिन १५७ मेगावाटको ६ आयोजना मात्रै बन्द हुँदा दैनिक १ करोड रुपैयाँ लागत थपिने प्रवद्र्धकहरुको गुनासो छ । कुनैपनि जलविद्युत आयोजना निर्धारित मितिमा नसकिए उत्पादनको ५ प्रतिशत रकम मासिक रुपमा प्राधिकरणलाई बुझाउनुपर्ने विद्युत खरिद बिक्री सम्झौता (पीपीए) मा उल्लेख छ ।

भूकम्प पछि युद्धस्तरमा निर्माणमा गएका सबै जलविद्युत आयोजनाहरु पुनः इन्धन अभावका कारण बन्द भएका छन् । आयोजनाका लागि आवश्यक इन्धन तथा निर्माण सामाग्रीहरु समेत आपूर्ति हुन नसकेको प्रवद्र्धकहरुको गुनासो छ । इन्धन अभाव भएपछि निर्माणकार्यको गति घटाएको निर्माणाधिन ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी–ए लाई सबैभन्दा बढी घाटा लाग्ने देखिएको छ । आयोजनाका

अनुसार आयोजना बन्द हुँदा दैनिक ५० लाख रुपैयाँ घाटा पर्छ । आगामी पुसको अन्त्यसम्ममा विद्युत उत्पादन थाल्ने लक्ष्य लिएको आयोजनाको घाटा र निर्माण अवधी दुबै बढ्ने संकेत देखिएको छ ।

यता दोर्दीखोला जलविद्युत् आयोजनाका सञ्चालक राजेन्द्र वस्तीले आयोजना एक दिन मात्रै बन्द हुँदा २१ लाख भन्दा बढी घाटा लाग्ने बताए । २७ मेगावाटको उक्त आयोजनाले वार्षिक ८० करोड रुपैयाँ बराबरको विद्युत् उत्पादन र बिक्री गर्ने लक्ष्य लिएको छ । आयोजना २०७४ को अन्तिममा सक्ने नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता छ । तर, भूकम्प र इन्धन अभावका कारण तोकिएको समयमा नसकिने भएको हो ।

यस्तै, २५ मेगावाटको दोर्दीखोला जलविद्युत् आयोजना पनि साता दिनदेखि बन्द छ । आयोजनाका अनुसार निर्माणकार्य एक दिन मात्रै बन्द हुँदा १८ लाख घाटा पर्छ । इन्धन अभावका कारण ३ मेगावाटको मिदिमखोला (करापु) जलविद्युत् आयोजना पनि विगत ४ दिनदेखि पूर्ण रुपमा बन्द छ । आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीले एक दिन मात्रै आयोजना बन्द हुँदा ३ लाखको घाटा हुने उनले बताएका छन् ।

यि ६ वटै आयोजनाको कुल लागत ३२ अर्ब रहेको छ । रन अफ द रिभर प्रणालीका यि सबै आयोजनाहरु निर्माण सम्पन्न पश्चात सरकारले लिएको लक्ष्यलाई सहयोग गर्ने आयोजनाका प्रवद्र्धकहरुको भनाई छ । लमजुङमा मात्र ठूला–साना आयोजना गरी २५ सयदेखि ३ हजार मेगावाटभन्दा बढी विद्युत उत्पादन गर्न सकिने क्षमता एक तथ्यांकले देखाएको छ ।

श्रोतः कारोबार, २०७२/६/२७

# उत्पादन नबढाए भारतको विद्युत् बजार गुम्ने

बाबुराम खड्का

काठमाडौं, २७ असोज -नेपालले सन् २०२२ भित्र विद्युत् उत्पादन गरेर निकासीको प्रत्याभूति नगरे भारतको ऊर्जा बजार गुम्ने देखिएको छ । लगानी बोर्डले 'आईसीएफ कन्सल्टिङ इन्डिया'मार्फत भारतको ऊर्जा बजारका बारेमा गरेको अध्ययनले यस्तो सम्भावना औंल्याएको हो ।

२०२२ सम्म नेपालले ३ हजार मेगावाट विद्युत् भारत निकासी गर्न सक्ने पनि अध्ययनले देखाएको छ । उत्पादन बढाए पनि बजार पाउने प्रतिवेदनले भनेको छ । तर, अहिलेकै अवस्था कायम रहे बिजुली बेचेर भारु कमाउने सरकारको लक्ष्य प्रभावित हुनेछ ।

बोर्डका परामर्शदाता विशाल थापाले २०२२ मा नेपाली बिजुलीले प्रतियुनिट १० रुपैयाँसम्म पाउने जानकारी दिए । त्यसबेला कोइलाको मूल्यले भारतमा बिजुलीको बजार निर्धारण हुने अध्ययनले देखाएको छ । तर, निर्माणाधीन आयोजनाको अवस्था हेर्दा आगामी ७ वर्षमा नेपालले अन्तर्राष्ट्रिय बजारमा विद्युत् निकासी गर्ने सम्भावना कम छ । आन्तरिक रूपमा बढ्दो माग पूरा गर्न नसक्दा हाल भारतबाटै २ सय मेगावाट हाराहारीमा विद्युत् आयात भइरहेको छ । यो वर्ष पनि आयात बढाएर लोडसेडिङ कम गर्ने सरकारको योजना छ ।

नेपाली बिजुलीको बजार भारतको उत्तरप्रदेश र बिहार हुनेछन् । भारतले उत्तरमा बिजुलीको माग पूरा गर्न दक्षिणबाट उत्तरतर्फ कोइला प्लान्टको ग्रिड विकास गरिरहेको छ । यस्तो अवस्थामा नेपालले तदारुकताका साथ आयोजना निर्माणमार्फत विद्युत् उत्पादन गरी भारत निर्यात नगरे नेपाली बिजुलीको बजारलाई भारतीय कोइला प्लान्टबाट उत्पादन हुने विद्युत्ले प्रतिस्थापन गर्नेछ ।

भारतले सन् २०१९ सम्म जलविद्युत्बाट थप १३ हजार मेगावाट उत्पादन तयारी गरिरहेको थापाले जानकारी दिए । "७ वर्षपछि भारतमा नेपालको विद्युत् नपुगे बजार गुम्ने देखिन्छ," उनले भने, "हामीले जति ढिलाइ गर्छौं, त्यत्ति नै नेपालले बजार हिस्सा गुमाउनेछ ।"

भारत नेपाली बिजुलीको भर नपरेको जानकारी दिँदै थापाले भने, "भारतले इन्डोनेसियाबाट कोइला आयात गरेर ऊर्जा उत्पादन बढाउँदैछ, कोइला प्लान्टको बिजुली उत्तरतर्फ प्रसारण भए नेपाली उत्पादनले बजार पाउनेछैन ।"

हाल नेपालको जडित क्षमता (थर्मल प्लान्टको समेत गरी) ८ सय मेगावाट पुगेको छ । निर्माणाधीन र निर्माण तयारीमा रहेका सबै आयोजना सम्पन्न भए करिब ३ हजार मेगावाट बिजुली उत्पादन हुन सक्छ । त्यसबेलासम्म यो बिजुली नेपालमै खपत हुनेछ ।

"भारतले जलविद्युत् र कोइला प्लान्टबाट ऊर्जा उत्पादन बढाइरहेको छ," थापाले भने, "यो समयभित्र हामीले निकासी गर्न नसक्ने हो भने दक्षिणबाट आउने कोइलाको बिजुलीले उत्तरखण्डको माग पूरा गर्नेछ र नेपाली बिजुलीको माग हुनेछैन ।"

थापाका अनसार नेपाली बिजुली भारतको उत्तरी क्षेत्रमा मात्र निकासी गर्न सकिनेछ । त्यसबेलासम्म नेपालले कोइलाबाट उत्पादन हुने बिजुलीसँग प्रतिस्पर्धा गर्नुपर्ने अध्ययनले देखाएको छ । पर्याप्त मात्रामा निकासी गर्न सके त्यसबेला भारतमा नेपाली बिजुलीको बजार रहेको थापाले बताए ।

नेपाली बिजुलीको भाउ त्यसबेलाको कोइलाको मूल्यले निर्धारण गर्ने जानकारी दिँदै उनले कोइला सस्तिए बिजुलीको भाउ पनि सस्तो हुने बताए । सन् २०१९ सम्म भारतले थप १३ हजार मेगावाट बिजुली उत्पादन बढाउँदैछ । नेपालले

चौबीसै घण्टा नियमित आपूर्तिको प्रत्याभूति दिनुपर्ने उनको भनाइ छ ।
नेपाल र भारतबीच विद्युत् व्यापार सम्झौता (पीटीए) भइसकेको छ । सन् २०१६ सम्म नेपाली बिजुलीले बिनाप्रतिस्पर्धा भारतीय बजारमा प्रवेश पाउनेछन् । पीटीए कार्यान्वयन हुन बाँकी छ । हाल नेपालले आदनप्रदान सम्झौता र व्यापारिक मूल्यमा बिजुली खरिद गर्दै आएको छ ।
२०२२ मा नेपाली बिजुलीले प्रतिस्पर्धाबाट मात्र बजार पाउने देखिएको छ । भारतले भुटानबाट ११ सय मेगावाटभन्दा बढी बिजुली आयात गरिरहेको छ । भारतीय कम्पनी जीएमआर इनर्जी लिमिटेडले ९ सय मेगावाटको माथिल्लो कर्णाली र सतलज जलविद्युत् निगम लिमिटेडले ९ सय मेगावाटको अरुण तेस्रो निर्माण गर्दैछन् । यी दुवै आयोजना भारत निकासीका लागि निर्माण हुन लागेका हुन् । भारतीय लगानीका आयोजनालाई बजारको समस्या नभए पनि विद्युत् प्राधिकरण र प्रस्तावित विद्युत् व्यापार कम्पनीलाई बिजुली निकासी गर्न समस्या हुनेछ । उनीहरूले पनि २०२२ को अन्त्यसम्म माथिल्लो कर्णाली र अरुण तेस्रो सम्पन्न गर्ने लक्ष्य लिएका छन् ।

श्रोतः कान्तिपुर, २०७२/६/२७

## पेट्रोलियम पदार्थको अभावले जलविद्युत्लाई दैनिक १ करोड घाटा

पेट्रोलियम पदार्थको अभावपछि निर्माणाधीन आयोजना बन्द हुँदा ती आयोजनाहरूले दैनिक १ करोड रुपैयाँ बराबरको घाटा बेहोर्नुपर्ने भएको छ । तोकिएको समयमा निर्माण नसक्ने आयोजनाले समयमा विद्युत् उत्पादन गर्न नसक्ने भएपछि विद्युत् उत्पादनमा घाटा लाग्ने प्रवद्र्धकहरूले बताएका छन् । प्रवद्र्धकका अनुसार समयमा विद्युत् उत्पादन गर्न नसक्दा आयोजनालाई दैनिक घाटा लाग्ने र सरकारलाई हर्जनासमेत बुझाउनुपर्छ । जिल्लामा अहिले ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी 'ए' जलविद्युत् आयोजना, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' र २ मेगावाटको छ्याङ्दी जलविद्युत साथै मिदिम खोलामा ३ मेगावाटको मिदिमखोला–करापु जलविद्युत् आयोजना निर्माण भइरहेका छन् । ४९ दशमलव ६ मेगावाटको सुपरदोर्दी 'ख' ले पूर्वाधार मात्रै निर्माण सुरु गरेको छ । निर्माणाधीन १ सय ७ मेगावाटको ५ आयोजना मात्रै बन्द हुँदा दैनिक ९५ लाख रुपैयाँ बढी पर्न आउने देखिएको छ । आयोजना समयमा नसक्दा विद्युत् उत्पादनको मासिक ५ प्रतिशत रकम विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) मा उल्लेख छ । आयोजनाको सबै पक्षको निर्माण सुरु भएका ५ वटै आयोजना इन्धन अभावका कारण अहिले बन्द छन् । आयोजनाका लागि चाहिने पेट्रोलियम पदार्थ, सिमेन्ट, छडलगायत निर्माण सामग्री एवं कच्चा पदार्थ आपूर्ति हुन सकेको छैन । निर्माणका लागि चाहिने मेसिनरी सामान चल्न नसकेपछि आयोजनाका निर्माणकार्य बन्द भएका हुन् । निर्माणकार्य बन्द भएपछि जिल्लामा निर्माणाधीन ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी 'ए' आयोजनालाई सबैभन्दा बढी घाटा लाग्ने देखिएको छ । 'आयोजना बन्द हुँदा दैनिक ५० लाख रुपैयाँ घाटा पर्छ,' आयोजनाका जनसम्पर्क अधिकृत अर्जुन गुरुङले भने, 'एक सातादेखि काम हुन सकेको छैन । अझै कति दिन बन्द हुने हो थाहा छैन ।' आगामी डिसेम्बर अन्तिमसम्म विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको आयोजनाको निर्माण अवधि थप बढ्ने र आयोजनाको घाटा पनि बढ्ने उनले बताए । आयोजनाले वार्षिक १ अर्ब ८० लाख रुपैयाँ बराबरको विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । उनका अनुसार आयोजनामा सामान्य मानिसले गर्न सक्ने काम केही मात्रामा भइरहेको छ । आयोजनामा १ हजार नेपाली र डेढ सय चिनियाँ कामदारमध्ये धेरैलाई बिदा दिइएको छ । दोर्दीखोला जलविद्युत् आयोजनाका सञ्चालक राजेन्द्र वस्तीले आयोजना एक दिन मात्रै बन्द हुँदा २१ लाख ९१ हजार रुपैयाँभन्दा बढी घाटा लाग्ने बताए । २७ मेगावाटको उक्त आयोजनाले वार्षिक ८० करोड रुपैयाँ बराबरको विद्युत् उत्पादन र बिक्री गर्ने लक्ष्य लिएको छ । '२ सातायता प्रभावित भएको आयोजनाको निर्माणकार्य शनिबारदेखि पूर्ण बन्द भयो,' उनले

भने, 'आयोजनाको निर्माण अवधि लम्बिँदा घाटा बढ्छ ।' उनका अनुसार तोकिएको समयमा आयोजना निर्माण पूरा नहुँदा नेपाल विद्युत् प्राधिकरणलाई सम्झौता अनुसार हर्जना बुझाउनुपर्ने हुन्छ । आयोजना विसं २०७४ को अन्तिममा सक्ने नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता छ । २५ मेगावाटको दोर्दीखोला जलविद्युत् आयोजना २ सातादेखि बन्द छ । आयोजना प्रमुख रामचन्द्र पौडेलका अनुसार आयोजनाको निर्माणकार्य एक दिन बन्द हुँदा मात्रै १७ लाख ८० हजार रुपैयाँ घाटा पर्छ । सन् २०१७ को जुन १५ भित्र निर्माण सक्ने सम्झौता रहेको आयोजनाको निर्माणकार्य लम्बिने उनले बताए । 'आयोजनाको बाँध क्षेत्र, विद्युत्गृह र पछिल्लो समय सुरुङ निर्माणकार्यलाई अघि बढाएका थियौं,' उनले भने, '२ सातादेखि आयोजना बन्द हुँदा यसको लागत बढ्ने देखिन्छ ।' वार्षिक ६५ करोड रुपैयाँ बराबरको विद्युत् उत्पादन गरी बिक्री गर्ने लक्ष्य लिएको आयोजनाको मासिक कमाइ ५ करोड ४१ लाख हुन आउने आयोजनाले जनाएको छ । मिदिमखोलामा निर्माणाधीन ३ मेगावाटको मिदिमखोला–करापु जलविद्युत् आयोजना शनिबारदेखि पूर्ण रूपमा बन्द छ । आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीका अनुसार आयोजनामा कार्यरत सबै कर्मचारीलाई बिदा दिइएको छ । आयोजना एक दिन मात्रै बन्द हुँदा २ लाख ५० हजार घाटा हुने उनले बताए । अबको १३ महिनाभित्र सक्ने भनिएको आयोजना इन्धन अभावका कारण ढिलाइ हुने उनले बताए । यसअघि भूकम्पका कारण २ महिना थप समय पर धकेलिएको छ्याङीखोला आयोजना अहिले दोहोरो समस्यामा परेको छ । 'भूकम्पका कारण भदौमा सक्ने आयोजना सकिएन,' आयोजनाका सञ्चालक लालबहादुर थापाले भने, 'हर्जना मात्रै मासिक ३ लाख प्राधिकरणलाई तिर्नुपर्छ ।' कात्तिक अन्तिम साता सक्ने लक्ष्य लिएको आयोजना इन्धन अभावका कारण समस्यामा परेको र अझै पर धकेलिने उनले बताए ।

श्रोतः कान्तिपुर, २०७२/६/२७

# पेट्रोलियम पदार्थको अभावले जलविद्युत्लाई दैनिक १ करोड घाटा

आश गुरुङ

पेट्रोलियम पदार्थको अभावपछि निर्माणाधीन आयोजना बन्द हुँदा ती आयोजनाहरूले दैनिक १ करोड रुपैयाँ बराबरको घाटा बेहोर्नुपर्ने भएको छ । तोकिएको समयमा निर्माण नसक्ने आयोजनाले समयमा विद्युत् उत्पादन गर्न नसक्ने भएपछि विद्युत् उत्पादनमा घाटा लाग्ने प्रवद्र्धकहरूले बताएका छन् । प्रवद्र्धकका अनुसार समयमा विद्युत् उत्पादन गर्न नसक्दा आयोजनालाई दैनिक घाटा लाग्ने र सरकारलाई हर्जनासमेत बुझाउनुपर्छ । जिल्लामा अहिले ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी 'ए' जलविद्युत् आयोजना, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' र २ मेगावाटको छ्याङ्दी जलविद्युत साथै मिदिम खोलामा ३ मेगावाटको मिदिमखोला–करापु जलविद्युत् आयोजना निर्माण भइरहेका छन् । ४९ दशमलव ६ मेगावाटको सुपरदोर्दी 'ख' ले पूर्वाधार मात्रै निर्माण सुरु गरेको छ । निर्माणाधीन १ सय ७ मेगावाटको ५ आयोजना मात्रै बन्द हुँदा दैनिक ९५ लाख रुपैयाँ बढी पर्न आउने देखिएको छ । आयोजना समयमा नसक्दा विद्युत् उत्पादनको मासिक ५ प्रतिशत रकम विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) मा उल्लेख छ । आयोजनाको सबै पक्षको निर्माण सुरु भएका ५ वटै आयोजना इन्धन अभावका कारण अहिले बन्द छन् । आयोजनाका लागि चाहिने पेट्रोलियम पदार्थ, सिमेन्ट, छडलगायत निर्माण सामग्री एवं कच्चा पदार्थ आपूर्ति हुन सकेको छैन । निर्माणका लागि चाहिने मेसिनरी सामान चल्न नसकेपछि आयोजनाका निर्माणकार्य बन्द भएका हुन् । निर्माणकार्य बन्द भएपछि जिल्लामा निर्माणाधीन ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी 'ए' आयोजनालाई सबैभन्दा बढी घाटा लाग्ने देखिएको छ । 'आयोजना बन्द हुँदा दैनिक ५० लाख रुपैयाँ घाटा पर्छ,' आयोजनाका जनसम्पर्क अधिकृत अर्जुन गुरुङले भने, 'एक सातादेखि काम हुन सकेको छैन । अझै कति दिन बन्द हुने हो थाहा छैन ।' आगामी डिसेम्बर अन्तिमसम्म विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको आयोजनाको निर्माण अवधि थप बढ्ने र आयोजनाको घाटा पनि बढ्ने उनले बताए । आयोजनाले वार्षिक १ अर्ब ८० लाख रुपैयाँ बराबरको विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । उनका अनुसार आयोजनामा सामान्य मानिसले गर्न सक्ने काम केही मात्रामा भइरहेको छ । आयोजनामा १ हजार नेपाली र डेढ सय चिनियाँ कामदारमध्ये धेरैलाई बिदा दिइएको छ । दोर्दीखोला जलविद्युत् आयोजनाका सञ्चालक राजेन्द्र वस्तीले आयोजना एक दिन मात्रै बन्द हुँदा २१ लाख ९१ हजार रुपैयाँभन्दा बढी घाटा लाग्ने बताए । २७ मेगावाटको उक्त आयोजनाले वार्षिक ८० करोड रुपैयाँ बराबरको विद्युत् उत्पादन र बिक्री गर्ने लक्ष्य

लिएको छ । '२ सातायता प्रभावित भएको आयोजनाको निर्माणकार्य शनिबारदेखि पूर्ण बन्द भयो,' उनले भने, 'आयोजनाको निर्माण अवधि लम्बिँदा घाटा बढ्छ ।' उनका अनुसार तोकिएको समयमा आयोजना निर्माण पूरा नहुँदा नेपाल विद्युत् प्राधिकरणलाई सम्झौता अनुसार हर्जना बुझाउनुपर्ने हुन्छ । आयोजना विसं २०७४ को अन्तिममा सक्ने नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता छ । २५ मेगावाटको दोर्दीखोला जलविद्युत् आयोजना २ सातादेखि बन्द छ । आयोजना प्रमुख रामचन्द्र पौडेलका अनुसार आयोजनाको निर्माणकार्य एक दिन बन्द हुँदा मात्रै १७ लाख ८० हजार रुपैयाँ घाटा पर्छ । सन् २०१७ को जुन १५ भित्र निर्माण सक्ने सम्झौता रहेको आयोजनाको निर्माणकार्य लम्बिने उनले बताए । 'आयोजनाको बाँध क्षेत्र, विद्युत्गृह र पछिल्लो समय सुरुङ निर्माणकार्यलाई अघि बढाएका थियौं,' उनले भने, '२ सातादेखि आयोजना बन्द हुँदा यसको लागत बढ्ने देखिन्छ ।' वार्षिक ६५ करोड रुपैयाँ बराबरको विद्युत् उत्पादन गरी बिक्री गर्ने लक्ष्य लिएको आयोजनाको मासिक कमाइ ५ करोड ४१ लाख हुन आउने आयोजनाले जनाएको छ । मिदिमखोलामा निर्माणाधीन ३ मेगावाटको मिदिमखोला–करापु जलविद्युत् आयोजना शनिबारदेखि पूर्ण रूपमा बन्द छ । आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीका अनुसार आयोजनामा कार्यरत सबै कर्मचारीलाई बिदा दिइएको छ । आयोजना एक दिन मात्रै बन्द हुँदा २ लाख ५० हजार घाटा हुने उनले बताए । अबको १३ महिनाभित्र सक्ने भनिएको आयोजना इन्धन अभावका कारण ढिलाइ हुने उनले बताए । यसअघि भूकम्पका कारण २ महिना थप समय पर धकेलिएको छ्याङीखोला आयोजना अहिले दोहोरो समस्यामा परेको छ । 'भूकम्पका कारण भदौमा सक्ने आयोजना सकिएन,' आयोजनाका सञ्चालक लालबहादुर थापाले भने, 'हर्जना मात्रै मासिक ३ लाख प्राधिकरणलाई तिर्नुपर्छ ।' कात्तिक अन्तिम साता सक्ने लक्ष्य लिएको आयोजना इन्धन अभावका कारण समस्यामा परेको र अझै पर धकेलिने उनले बताए ।

श्रोतः अभियान, २०७२/६/२८

# विदेशी सहयोगमा जलविद्युत् विकास किन ?

**प्राडा कमलराज ढुङ्गेल**

## परिचय

एक देशको कम्पनीले अर्को देशमा लगानी गर्ने प्रक्रियालाई प्रत्यक्ष वैदेशिक लगानी भनिन्छ । कुनै पनि मुलुकको धितोपत्रमा गरिने लगानीलाई प्रत्यक्ष वैदेशिक लगानीमा समावेश गरिँदैन । विदेशी लगानीकर्ताले लगानी गर्ने देशमा विशेष गरेर निम्न तरीकाबाट लगानी गर्छ :

पहिलो, नयाँ कम्पनी खोल्ने । विदेशी लगानीकर्ताले नयाँ कम्पनी खोलेर व्यवसाय सञ्चालन गर्न सक्छ । दोस्रो, पुरानो कम्पनी किन्ने । तेस्रो हो, सञ्चालनमा रहेका कम्पनीहरूमा संयुक्त लगानी गरी अर्धस्वामित्व प्राप्त गर्ने । यस प्रक्रियाद्वारा कुनै मानिस वा मानिसको समूहले आफ्ना देशका अतिरिक्त अन्य देशमा लगानी गर्छन् । यस लगानीले प्रयोगमा आउन नसकेको निर्धन देशहरूमा उपलब्ध स्रोतसाधनको परिचालन गरी वस्तु तथा सेवाको उत्पादन गरिन्छ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक तवरले विक्रीवितरण गरिन्छ । यसले एकातिर संसारका अर्थतन्त्रहरूबीच प्रत्यक्ष र दिगो सम्बन्ध स्थापित गराउँछ भने अर्कातर्फ प्रत्यक्ष वैदेशिक लगानीले भूमण्डलीय आर्थिक जगत्लाई एकीकृत गर्छ । विश्वका निर्धन देशहरूले पूँजी र उपयुक्त प्रविधिको अभावमा उपलब्ध प्राकृतिक र मानव स्रोतको परिचालन गर्न सकेका हुँदैनन् । यसले लगानी गरिने देशको अर्थतन्त्रमा नयाँनयाँ प्रविधिको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्न सहयोग गर्छ । अर्थात् प्रत्यक्ष वैदेशिक लगानीले नयाँनयाँ प्रविधिको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्ने भएकाले पिछडिएका अर्थतन्त्रमा आधुनिक प्रविधि स्थानान्तरण गराई प्रयोग गराउन मद्दत गर्छ । यसकारण प्रत्यक्ष वैदेशिक लगानीले अर्धविकसित देशहरूको विकास गराउन अहम् भूमिका खेल्छ ।

### प्रत्यक्ष वैदेशिक लगानी

नेपाल मुश्किलले जीवन निर्वाह गर्ने एउटा निर्धन देश हो । पर्याप्त लगानीको अभावमा उपलब्ध स्रोतसाधनको विकास वा सदुपयोग हुनसकेको छैन । योजनाबद्ध विकासको थालनीसँगै नेपालमा वैदेशिक सहयोग आउन थालेको हो । यस वैदेशिक सहयोगले पूर्वाधार (सडक, पुल, जलविद्युत् आदि), कृषि र उद्योग (चिनी कारखाना, चुरोट, कागज, कपडा, कृषि उपकरण, छाला तथा जुत्ता, सिमेण्ट आदि) र सामाजिक सेवा (शिक्षा तथा स्वास्थ्य) विकासको थालनी गर्नमा मद्दत गरेको थियो । वैदेशिक सहयोगको स्वरूप शुरूमा द्विपक्षीय थियो । उल्लिखित क्षेत्रहरूको विकास सन् १९६० र १९७० को दशकमा द्विपक्षी सहयोगद्वारा भएको थियो । यस सहयोगको उद्देश्य नेपालको विकास गरी आत्मनिर्भर बनाउने रहेको भन्ने कुरा सहयोग प्रदान गरिएका क्षेत्रहरूको विकास आफैले पुष्टि गर्छ । लगानीकर्ता देशको एक मात्र स्वार्थ राजनीतिक प्रभाव रहेको थियो । विश्वका विभिन्न मुलुकले दिएको अनुदान सहयोगबाट निर्मित प्रत्येक क्षेत्रको प्रतिफल नेपालले एकलौटी तबरले उपभोग गरिरहेको छ । तर, समयको गतिसँगै

सहयोगको स्वरूपमा पनि परिवर्तन हुन थाल्यो । द्विपक्षीय सहयोग क्रमशः बहुपक्षीय सहयोगमा रूपान्तरित हुन थाल्यो । यसले अनुदान सहयोगलाई ऋण सहयोगमा परिणत गरायो । नेपालले यही परिवर्तित परिस्थितिमा देशको विकासका निमित्त बहुपक्षीय ऋण सहयोग लिँदै आएको छ, जसको सावाँब्याज दुवै नेपालले तिर्नुपर्छ । सन् १९९० को जनआन्दोलनले बहुदलीय व्यवस्थाको थालनी गरायो । यो व्यवस्थाले खुला तथा उदारवादी अर्थतन्त्रको परिकल्पना मात्र होइन कि कार्यान्वयन नै गरायो । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने उद्देश्यले नीति तथा कार्यनीतिहरू परिमार्जित गरिए । नेपालको अपार जलविद्युत् विकासका निमित्त सबै ढोका खोलिए । जलविद्युत् विकासका निमित्त निजीक्षेत्र पनि सहभागी हुन थाल्यो र आज पनि यो भइरहेको छ । निजीक्षेत्रको लगानी नाफाबाट प्रभावित हुन्छ । सामान्यतया यसले जनकल्याणकारी कार्यमा लगानी गर्दैन । प्रत्यक्ष वैदेशिक लगानीका निमित्त सरकारी नीतिनियमहरू सरल र लगानीमैत्री हुनुपर्छ, जसले लगानीकर्ताको रक्षा गर्न सकोस् । यस प्रकारको लगानी नीति अक्षरशः पालना हुनु जरुरी हुन्छ ।

**राजनीतिक अस्थिरता**

छ दशक लामो जीवन यात्राको क्रममा मेरो अनुभव के छ भने नेपालीहरूले सकारात्मक सोचमा बाँच्ने अवसर नै प्राप्त गर्न सकेका छैनन् । लुटपाट, ठगी, शोषण, जालसाजी, अन्याय, अत्याचारका कारण मानिसमा सकारात्मक सोच पलाउन सकेको छैन । चिन्ता, भय, अविश्वास र अभावले नेपालीलाई सदैव पिरोलिरहेको छ । यसको फलस्वरूप, समयसमयमा विद्रोहीहरूको जन्म मात्र गराएको छैन कि विद्रोहलाई हुर्कन मलजलसमेत गरिरहेको छ । विद्रोहबाट जति राजनीतिज्ञहरू देखा पर्छन् उनीहरूको पतन वा उत्थान आन्तरिक कारणले भन्दा पनि बाह्य कारणले हुने गर्छ र यसले निरन्तरता पाएको ज्वलन्त उदाहरण नेपालीको ३ दशक लामो योगदानबाट प्राप्त (प्रतिफल) लोकतान्त्रिक संविधान बाह्य कारणले धराशयी हुन खोजिरहेको छ । नेपाली नेताहरूको द्वैध चरित्रका कारण नै नेपालमा बाह्य क्षेत्र सक्रिय हुन पाउने परिस्थिति सृजना भएको हो भन्दा कसैको दुईमत नहोला । ढुलमुले चरित्रका नेताले राजनीतिक अस्थिरता ल्याउने प्रयत्न यस अर्थमा गर्दछन् कि स्थिरताले भन्दा उनीहरूलाई अस्थिरताले बढी फाइदा पुग्छ । राजनीतिक अस्थिरताले नीति तथा कार्यनीतिमा पनि अस्थिरता पैदा गर्छ । अस्थिर नीति तथा कार्यनीतिले लगानीकर्ताहरूलाई निरुत्सहित गर्छ । पटकपटक सरकारको नेतृत्व फेरबदल भइरहन्छ । यसले सरकारको नीति तथा कार्यनीतिमा ठूलो परिवर्तन हुनसक्छ, जुन लगानीका निमित्त प्रत्युत्पादक हुन्छ । राजनीतिक अस्थिरताले लगानीमा दृश्य र अदृश्य जोखीमहरूको सृजना गर्छ । यस्ता जोखीम राजनीतिक अस्थिरताका कारण नै सृजना हुन्छन् र यसको असर दीर्घकालसम्म परिरहन्छ । यसैको फलस्वरूप नेपालमा प्रत्यक्ष विदेशी लगानी आउन नसकेको हो ।

**इन्धन सङ्कटको समाधानका लागि दीर्घकालीन सोच**

त्रिचालीस गिगावाट उत्पादन सम्भावना भएको जलविद्युत्को विकास गर्न आवश्यक मात्र होइन कि हतार नै भइसकेको छ । आज देशमा जुन प्रकारको इन्धन सङ्कट उत्पन्न भएको छ त्यसको निराकरणका लागि जलविद्युत्को विकास तीव्रगतिले गर्नुपर्ने भइसकेको छ । नेपालले जलविद्युत्को विकास गर्न सकेको भए आजको अघोषित नाकाबन्दीले खासै असर पार्ने थिएन । बिजुलीबाट चल्ने रेलमार्ग, रज्जुमार्ग आदिको विकास हुनुका साथै खाना पकाउन ग्यासको सट्टा बिजुलीको प्रयोग हुने थियो । १ शताब्दीभन्दा बढीको इतिहास बोकेको जलविद्युत् विकासले अझैसम्म पनि प्रगतिको रेखा कोर्न सकेको छैन । स्वदेशी पूँजीबाट सञ्चालित नेपालको गौरवमय ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले प्राकृतिक र अप्राकृतिक दुवै प्रकारका व्यवधानहरूको सामना गर्दै प्रगतिको पथमा लम्किइरहेको छ । हाल नेपालको बढ्दो बिजुलीको माग पूरा गर्न यसै आकारका

कम्तीमा दुईओटा जलविद्युत् आयोजना निर्माण गर्नु आवश्यक छ । खाना पकाउने ग्यास प्रतिस्थापन गर्न यही आकारका अरू दुईओटा थप जलविद्युत् आयोजना निर्माण गर्नुपर्छ । अर्थात् नेपालले थप २ हजार मेगावाट बिजुली उत्पादन गर्नुपर्छ । यसले कम्तीमा नेपालीहरूले गाडी चढ्न नपाए पनि खाना पकाएर खाने इन्धनमा भने नेपाल आत्मनिर्भर हुनसक्छ । यसले एकातिर उपलब्ध स्रोतको परिचालन हुन्छ भने केही हदसम्म ऊर्जामा आत्मनिर्भर बनाउँछ । यसको विकास हुन नसक्नुमा पूँजीको अभावका साथै इच्छाशक्ति पनि कमजोर रहेको छ । कुनै पनि जलविद्युत् आयोजना थाल्न राजनीतिज्ञहरूमा एकमत हुन सकेको देखिँदैन । यसको कारण हो, सबै दल कुनै न कुनै प्रकारले अदृश्य शक्तिद्वारा परिचालित भएका हुन्छन् । यसले उनीहरूको आत्मबल कमजोर बनाएको हुन्छ र कमजोर आत्मबलले इच्छाशक्ति पनि कमजोर बनाउँछ । यदि इच्छाशक्ति भएको निःस्वार्थ नेतृत्व हुने हो भने राष्ट्रिय र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूबाट सफ्ट लोन लिएर जलविद्युत् आयोजनाहरू निर्माण गर्न सकिन्छ । यसले ऊर्जा आपूर्तिमा सदैव परजीवी रहँदै आएको मुलुक आंशिक रूपले आत्मनिर्भर हुनसक्छ ।

*लेखक अर्थशास्त्री हुन् ।*

श्रोतः राजधानी, २०७२/६/२९

# लोडसेडिङमुक्त दसैं

**भीम गौतम**

चाडवाडमा समेत अँध्यारोमा बस्नुपर्ने बाध्यतामा रहेका सर्वसाधारणले यसपालिको नेपालीको महान् चाड विजया दशमीमा भने अँध्यारोभन्दा धेरै उज्यालो देख्न पाउने भएका छन् ।

नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय ग्रिड पुगेर पनि लोडसेडिङको कारण समस्या भोग्न बाध्य सर्वसाधारणले यसपालिको दसैंमा बढी उज्यालो देख्न पाउने भएका हुन् । विद्युत् प्राधिकरणले दसैंमा कम लोडसेडिङ गर्ने गरी अघि बढेपछि यस्तो अवस्था सिर्जना भएको हो ।

'सकेसम्म दसैंलाई लोडसेडिङमुक्त बनाउने अभियानमा हामी लागेका छौं,' विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'हालै माईखोलाबाट २२ मेगावाट थपिएको तथा निर्माण सम्पन्न सबै जलविद्युत् आयोजना सञ्चालन अवस्थामा रहेकाले सकेसम्म लोडसेडिङमुक्त बनाउने योजना छ, लोडसेडिङ भएमा पनि एकदम

मात्र हुन्छ ।' हाल विद्युत् प्राधिकरणले दैनिक आठ घन्टा लोडसेडिङ गरिरहेको छ । पछिल्लो समयमा तराई आन्दोलनको कारणले उद्योगधन्दा बन्द हुनु तथा अन्य क्षेत्रमा समेत पेट्रोलियम पदार्थको अभावमा विभिन्न समस्याका कारण उद्योगधन्दा कम सञ्चालन भई हाल विद्युत्को खपत कम छ । त्यसकारण घोषित दैनिक आठ घन्टा लोडसेडिङ भए पनि त्योभन्दा पनि कम छ ।

आगामी दसैंमा समेत उद्योगधन्दा कम सञ्चालन हुने कारण लोडसेडिङ कम गर्ने योजना प्राधिकरणको छ । बिहान–बेलुकाको पिक आवरमा मात्र दैनिक दुई÷तिन घन्टाभन्दा कम लोडसेडिङ गर्ने योजना प्राधिकरणको छ । 'विद्युत् मागको आधारमा अहिले भएकोभन्दा धेरै कम दुई÷तिन घन्टामै लोडसेडिङ सीमित गर्ने प्रयास हाम्रो हुन्छ,' विद्युत् प्राधिकरण भार प्रेषण केन्द्रका निर्देशक भुवन क्षत्रीले भने, 'अन्य समयको तुलनामा दसैंमा हामी धेरै कम लोडसेडिङ गर्ने पक्षमा छौं ।'

हाल १२ सय मेगावाटको विद्युत् माग छ । त्योमध्ये भारतबाट मात्र २ सय मेगावाट आयात भइरहेको छ भने निजी क्षेत्रले प्रवद्र्धन गरेको आयोजनाबाट २ सय मेगावाट तथा विद्युत् प्राधिकरणबाट ३ सय २५ मेगावाटको हाराहारीमा उत्पादन भइरहेको विद्युत् प्राधिकरण भार प्रेषण केन्द्रले जनाएको छ । केन्द्रका अनुसार अझै ५ सय मेगावाटबराबर लोडसेडिङ छ ।

हाल ६० मेगावाटको कुलेखानी पहिलो र ३२ मेगावाटको कुलेखानी दोस्रो मात्र जलाशययुक्त आयोजना तथा बाँकी सबै नदी प्रवाहमा आधारित (रन अफ द रिभर) जलविद्युत् आयोजनाहरू मात्र निर्माण पूरा भएकाले पूर्णतया लोडसेडिङ हुनका लागि ठूला जलाशययुक्त आयोजनाहरू बनाउनुपर्ने अवस्था छ।

स्वदेशी लगानीमा निर्माणाधीन नेपालकै ठुलो ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी निर्माण सम्पन्न भएपछि वर्षामा हुँदै आएको लोडसेडिङ अन्त्य हुने भए पनि हिउँदमा भने विद्युत्मा नेपाल आत्मनिर्भर हुन १२ सय मेगावाटको बुढीगण्डकी जस्ता ठुला जलाशययुक्त आयोजना बनाउनुपर्ने प्राधिकरणका कार्यकारी निर्देशक काफ्ले बताउँछन्। अघिल्लो वर्ष नै सरकारले भारतबाट थप विद्युत् आयात तथा विद्युत् उत्पादन बढाएर लोडसेडिङ अन्त्य गर्ने घोषणा गरिसकेको छ।

नेपाल–भारत अन्तरदेशीय (क्रस बोर्डर) प्रसारण लाइन निर्माण सम्पन्न गरेर त्यहाँबाट थप विद्युत् आयात गर्ने लक्ष्य छ तर भदौमा सम्पन्न हुने सो आयोजना तराईमा जारी आन्दोलतलगायतका कारणले अझै बन्न सकेको छैन। सो प्रसारण लाइनमार्फत १ नोभेम्बरदेखि भारतबाट विद्युत् प्राधिकरणले थप १ सय मेगावाट विद्युत् आयात गर्ने लक्ष्यसमेत राखेको छ।

श्रोतः नागरीक, २०७२/६/२९

## ऊर्जा क्षेत्र : समस्या र समाधान

लक्ष्मणकुमार हमाल

गएको वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछि लगातार गइरहेका ठूला–साना पराकम्पनले ऊर्जा क्षेत्रमा मात्र करिव २१ अर्ब २४ करोड बराबरको क्षति पुर्याएको छ। १४ जलविद्युत् आयोजना बन्द भएका कारणले ८५ मेगावाट विद्युत् उत्पादन कम भएको छ।
दैनिक १२०० मेगावाट विद्युत् आवश्यक हुने देखिए पनि हालसम्मको कुल उत्पादन ८१८ मेगावाटले नागरिकको आवश्यकता पूरा हुन सकिरहेको छैन। फलस्वरूप वर्षायाममा समेत दैनिक लोडसेडिङको मारमा परिरहेको अवस्था छ। ऊर्जाको अभावमा उद्योग, कलकारखाना, स्वास्थ्य, पर्यटन क्षेत्रलगायत सामान्य नागरिकको दैनिक जीवन कष्टकर हुँदै गएको छ।

नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख गरेका ऊर्जा क्षेत्रको समग्र विकासका लागि सरकारी तथा गैरसरकारी निकायबाट कार्यान्वयनमा कसरी प्रस्तुत हुन्छ, त्यसमा नै नीति तथा कार्यक्रम र बजेट वक्तव्यले राखेको उद्देश्यले मूर्त रूप लिने वा नलिने भन्ने निर्भर गर्छ। बजेटको सुरुमै विद्युत् उत्पादक संस्था (इप्पान) ले चालु आर्थिक वर्षमा थप ६०० मेगावाट विद्युत् उत्पादन गर्न असम्भव भएको कुरा छापामार्फत धारणा व्यक्त भएको सन्दर्भमा नेपाली नागरिकले अझै कति वर्ष लोडसेडिङको मार खेप्नुपर्ने हो यकिनसाथ भन्न सकिने स्थिति देखिँदैन।

...नयाँ नेपाल, समृद्ध नेपाल' को सपना बोकेका सबै तह र तप्काका राजनीतिक दल, व्यक्ति, संस्था, सरकारी निकायले समन्वयात्मक ढंगबाट निर्धारित कार्यक्रम, कार्ययोजना बनाइ समयमा नै सुरु गरी प्रभावकारी कार्यान्वयन गर्ने हो भने कुनै काम सम्पन्न गर्न कठिन हुने देखिँदैन। हरेक कुरामा राजनीतिक दृष्टिले हेर्ने र दलगत र गुटगत स्वार्थमा लाग्ने, कार्यदक्षतालाई उपेक्षा गरी दलगत आस्थामा विश्वास राख्ने कार्यकर्तालाई महत्वपूर्ण कामको जिम्मा दिने र कमिसनको खेलमा रमाउने, विकासका काममा लाग्ने राजनीतिक दलका नेता तथा राष्ट्रसेवकको खुट्टा तान्ने प्रवृत्ति रहेसम्म कुनै पनि क्षेत्रमा लक्ष्यअनुसारको प्रगति हुन सक्दैन।

ऊर्जा क्षेत्रको विकास गरी समग्र राष्ट्रको विकासका सम्भावना रहेको हुँदा यस क्षेत्रको विकासका लागि विदेशी लगानी भित्र्याई सुझबुझका साथ राष्ट्रिय हितमा प्रयोग गर्न र स्वदेशी लगानीका सम्भावनालाई आकर्षित गरी ऊर्जा क्षेत्रको विकास गर्न सकिनेतर्फ सरकारले समयमै सोच्नु जरुरी देखिन्छ।

राष्ट्िरय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको र सार्वजनिक जीवनमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने ऊर्जाको विकासका लागि उपयुक्त विशेषज्ञलाई जिम्मेवारी दिइनु आवश्यक छ। निजको कार्यसम्पादनको आधारमा वृत्तिविकासको अवसरलाई निर्धारण गर्ने, विद्युत् आयोजनाहरु पहिचान र

अध्ययन गर्दाकै अवस्थामा स्थानीय बासिन्दा र निकायसँग आयोजनाको महत्व, त्यसबाट प्राप्त हुने प्रतिफल, त्यसको वितरण, राष्ट्रिय आयमा हुने योगदानका विषयमा सम्बन्धित पक्षलाई सुसूचित गराउने, आयोजनाका लागि जग्गा अधिग्रहण गर्नु पर्ने भए उचित मुआब्जा निर्धारण गर्ने गर्नुपर्छ। साथै प्रसारण लाइन निर्माण तथा विस्तार गर्दा रुखहरु कटान गर्नुपर्ने भए सम्बन्धित व्यक्ति वा संस्था वा सरकारी निकायसँग व्यापक छलफल गरी साइट क्लियर गराउने, आयोजना कार्यान्वयन गर्दा सहमति विपरित बाधा/अवरोध पुर्यासउने जो कोही भए पनि कडा कानुनी कारबाही गर्ने परिपाटी अवलम्बन गरिनुपर्छ। यति नगरेसम्म नीति तथा कार्यक्रम र बजेट वक्तव्यले समेत घोषणा गरेको ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन हुने देखिँदैन।

*उपसचिव, नेपाल सरकार*